**बालबालिकाको हेरचाहमा ध्यान दिऔं ।**

- तीन वर्षको उमेरसम्ममा बालबालिकाको ८० प्रतिशत मस्तिष्क विकास भइसक्छ ।
- उनीहरूले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ ।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौं कोषिका चलायमान बनाउन सकिन्छ ।
- बालबालिकाको सन्तुलित खाना र हेरचाहमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख ०५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 18 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२७

## बारा–२ उपनिर्वाचनमा सबै दलको नजर

## यादव, थारू र मुस्लिम मतमा

राधेश्याम पटेल, परवानीपुर, ४ वैशाख/

बारा क्षेत्र नं २ को उपनिर्वाचनको चटारो अहिले सबै दललाई छ। वैशाख १० गते चुनाव नजीकिंदै जाँदा उम्मेदवारहरू मतदाता आकर्षित गर्न विभिन्न हत्कण्डा अपनाइरहेका छन् । सबैभन्दा पहिलो रणनीति भनेको जातिगत मतलाई आकर्षित पार्नेतर्फ उम्मेदवारहरू लागिपरेका छन् ।



उम्मेदवारहरूको नामाङ्कन समयमा बाराका स्थानीयको भीड । तस्वीरः फाइल

बिहान घरदैलोदेखि रातिसम्मको चुनाव प्रचारमा उनीहरूले जातिगत मतलाई पहिलो प्राथमिकतामा राखेका छन्। यसैगरी, गैरजातिगत मतको लागि पनि उम्मेदवारहरूले विभिन्न तिकडम शुरू गरेका छन् । मतदाताको घरमा खाने, जबरजस्ती घरआँगन तथा खेतमा पस्ने, नमस्ते गर्ने, मीठो बोल्ने, अँगालो हाल्ने, फोटो खिचाउने, पोस्टर–पम्पलेट बाँड्नेलगायत गतिविधि गरिरहेका छन्।

सत्तारूढ गठबन्धन समूह, नेकपा एमाले, जनमत, आम जनता पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदूर किसान पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका राजनीतिक दलहरू बढी सङ्ख्यामा रहेको जातिगत मतलाई आकर्षित गर्न प्रयासरत छन् ।

बारा क्षेत्र नं २ मा करीब एक लाख पाँच हजारभन्दा बढी मतदाता रहेकामा सबैभन्दा बढी यादव, दोस्रोमा थारू, तेस्रोमा मुस्लिम भएका कारण सबै दलको नजर यी जातिमा विशेषरूपमा बढेको छ । यादव जातिमा १४ हजार १६७ पुरुष, महिला १० हजार ३३३ गरी कुल २४ हजार ५०० मत रहेकाले पहिलो प्राथमिकताको जाति यादव बनेको छ ।

बलिया प्रतिस्पर्धीहरूमध्ये यादव जातिबाट जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव मात्र उम्मेदवार भएकाले उनलाई यादवहरूले बढी मत दिन सक्ने विश्लेषण गरिएको छ। दोस्रो जातिमा थारू रहेको छ । उनीहरूको ६.४ प्रतिशत अर्थात् नौ हजार ३३२ मत रहेको बुझिएको छ ।

थारू जातिको बसोबास बारा–२ को उत्तरी भेगमा भएकोले सो क्षेत्रका आम जनता पार्टीका उम्मेदवार अरुण ज्ञवाली, जसपा, जनमत, एमालेलगायतको पोल्टामा जाने आकलन गरिएको छ तर उत्तरी भेगमा एमालेका पुरुषोत्तम पौडेल र आम जनता पार्टीका ज्ञवाली बढी सक्रिय छन् ।

त्यसैगरी, कुल मतको ५.१ प्रतिशत अर्थात् छ हजार ४९२ मतदाता मुस्लिम समुदायको रहेको छ। जातिगत मत हेर्दा मुस्लिम तेस्रो नम्बरमा छ। त्यस कारण पनि मुस्लिम समुदायको मतमा पनि सबैको आस टिकेको छ ।

एक वा दुईटा जातिगत मतलाई आकर्षित गर्न उम्मेदवार तथा नेता, कार्यकर्ताहरूले भरमग्दुर प्रयास गरिरहेका छन् । त्यसैगरी, बारा–२ मा कुल मतदाताको ४.३ प्रतिशत अर्थात् चार हजार ६७२ मत कुशवाहा, ३.१ प्रतिशत अर्थात् चार हजार १३४ मत कानू, २.१ प्रतिशत अर्थात् तीन हजार ४०५ मत तेली जातिबाट रहेका छन् ।

यादवबाहेकको मतदाता सङ्ख्या कुल मतदाताको ४६ प्रतिशत अर्थात् ५० हजारको हाराहारीमा मतदाता छन् । जनमत पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहाले बाहिरिया र आफ्नै क्षेत्रको उम्मेदवारको पहिचान गरी 'धर्तीपुत्र उम्मेदवारलाई मतदान गरौं' भन्ने अभियान ४६ प्रतिशत गैरयादव मतदातालाई रिझाउन रहेको हुन सक्छ।

'यादव भर्सेज अल'को रणनीतिले चुनावमा बाजी मार्ने दाउमा जनमत पार्टी रहेको देखिन्छ। तर सत्तारूढ गठबन्धन दलका साझा उम्मेदवार जसपा अध्यक्ष यादवको अङ्कगणित अगाडि रहेको देखिन्छ। उनी अङ्कगणितमा अगाडि भए तापनि तटस्थ मतदाताहरूले आगामी चुनावमा प्रभाव पार्न सक्ने आकलन पनि गरिएको छ । तटस्थ मतदाता भन्नाले कुनै पनि दलमा नलागेको, दलको कार्यक्रममा सहभागी नहुने गरेको, राम्रोलाई राम्रो–नराम्रोलाई नराम्रो भन्ने र उम्मेदवारको छवि र दलको ग्राफ हेरेर स्वतन्त्ररूपमा निर्णय लिने मतदाताहरू हुन् ।

बारा–२ मा पाँचवटा पालिकाका सम्पूर्ण वडा र कोल्हवी नपाको ८ नं वडा गरी ४४ वटा वडा यो क्षेत्रभित्र पर्छ । जसमा सबैभन्दा बढी मतदाता बाराको महागढीमाई नगरपालिकामा छन्। उक्त नगरपालिकामा ११ वटा वडा छन्। त्यसपछि पचरौता नपामा नौवटा वडा, सुवर्ण गापामा आठवटा, देवताल गापामा सातवटा, करैयामाई गापामा आठवटा वडा गरी यी पाँच पालिकामा ४३ वटा वडा छन् ।

सत्ता गठबन्धन दल जसपाको सो क्षेत्रमा दुईजना निर्वाचित विधायक, करैयामाई र देवतालमा जसपा, महागढीमाई र सुवर्णमा काङ्ग्रेस, पचरौतामा एमालेबाट पालिका प्रमुख छन्। पाँचवटा पालिकामध्ये चारवटामा सत्तारूढ गठबन्धनकै प्रमुख भएकाले पनि जसपा अध्यक्ष यादवलाई बलियो उम्मेदवार मानिन्छ। तर एमाले, आम जनता पार्टी र जनमत पार्टीबीच सहमति भई जसपा अध्यक्ष यादवलाई कडा टक्कर दिने रणनीति पनि बन्न सक्ने बताइएको छ ।

यदि यी तीन दलले सहमति गरेमा यादवले चुनावमा कडा चुनौती पाउने जानकारहरू बताउँछन् ।

## वन कर्मचारी, प्रहरीको मिलेमतोमा काठ तस्करी

प्रमोद यादव, पंचगावाँ, ४ वैशाख/

पर्साको ग्रामीण क्षेत्रमा प्रहरी र वन कर्मचारीहरूको मिलेमतोमा व्यापक काठ तस्करी भइरहेको छ ।



मोटरसाइकलमा गोलिया तस्कर गर्दै एकजना तस्कर ।

सखुवाप्रसौनी, पटेर्वासुगौली गाउँपालिकालगायत स्थानमा सञ्चालित चिरान मिल र फर्निचर उद्योगमा तस्करी गरिएका काठ खुलेआम बिक्री भइरहे पनि प्रहरी र वन कर्मचारी मूकदर्शक बनेको स्थानीयको आरोप छ ।

आइतवार सखुवापरसौनी गापा–३ मा रहेको समिलमा तस्करहरूले दुईवटा गोलिया काठ ल्याएर चिरान गरिरहेको विषयमा स्थानीयले वन कर्मचारीलाई जानकारी गराउँदा पनि कुनै चासो नदेखाएको बताइन्छ। त्यसपछि यसबारे प्रहरीलाई खबर गरेपछि प्रहरी पुग्नुभन्दा पहिले नै तस्करहरूले काठ चिरान मिलबाट अन्यत्र लगेर लुकाएको दीपनारायण यादवले बताए ।



काठ तस्करबाट बरामद काठ । तस्वीरः प्रतीक

पर्साको सबडिभिजन वन कार्यालय रङ्गपुर, मधुवनमथवल मातहत पर्ने रंङ्गपुर, अकुवनिया, सखुनिया, भतौडा, सोनबर्सालगायत क्षेत्रबाट रातिको समयमा काठतस्करहरूले काँचो सालको रूख कटान गरी सखुवापरसौनी र पटेर्वासुगौलीमा रहेका विभिन्न चिरान मिल र फर्निचर उद्योगहरूमा बिक्री गर्ने गरेको स्थानीयको भनाइ छ । इजाजतविना पर्सा ग्रामीण क्षेत्र अहिले दर्जनौं फर्निचर उद्योग र समिल सञ्चालन भइरहेको छ ।

यसबारे डिभिजन वन कार्यालय र जिम्मेवार निकायले कुनै चासो देखाएका छैनन्। ती फर्निचर र समिल उद्योगमा खानतलाशी गर्दा अवैध काठ फेला पर्ने स्थानीय बताउँछन् ।

डिभिजन वन कार्यालय, पर्साका प्रमुख सुभाषचन्द्र दासले वन कर्मचारीको संलग्नता काठ तस्करसँग नरहेको बताएका छन्। उनले काठ तस्करी रोक्न वन कर्मचारी अहोरात्र खटने गरेको बताए।

## सबैया साझेदारी भ्रष्टाचारीको अखडा



वृक्षारोपण गरिएको जङ्गलमा चौपाया चर्दै । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ वैशाख/

डिभिजन वन कार्यालय, वीरगंज मातहतमा रहेको साझेदारी वन व्यवस्थापन समूह, सबैयामा आबद्ध कर्मचारी तथा निर्वाचित पदाधिकारीहरूको मिलेमतोमा व्यापक भ्रष्टाचार भएको छ ।

पदाधिकारीहरूको म्याद सकिन केही समय बाँकी रहेको बेला संरक्षण, उत्पादन, अतिक्रमणामुक्त बनाउने अभियानको नाममा दैनिक लाखौं रुपियाँ भुक्तानी दिने गरिएको स्रोतले दाबी गरेको छ । त्यस्तै, आफ्ना आसेपासे तथा मतदातालाई हेरालु तथा अन्य पदमा जागीर दिने गरिएको पाइएको छ ।

सो साझेदारी समूहमा हुँदै आएको भ्रष्टाचार तथा अनियमितताको आरोपमा केही महीनाअगाडि एकजना कर्मचारी निलम्बनमा परेका थिए । साझेदारीका प्रमुख रामपुकारप्रसाद यादव घूस रकमसहित रङ्गेहात पक्राउ परेपछि मधेस प्रदेश सरकारले उनलाई निलम्बन गरेको छ ।

साझेदारीका पदाधिकारी तथा कर्मचारीहरूले सो क्षेत्रमा कुनै काम नगर्ने र अभियानको नाममा रकम मात्र अनियमितता गर्ने गरेको आरोप पनि लाग्ने गरेको छ । जनताको नाममा छुटचाइएको काठलाई अवैधरूपमा बिक्री गर्ने, नक्कली व्यक्ति खडा गरेर प्रक्रियागत तरीकाले काठ निजी समिलसम्म पुर्याउने गरेको स्रोतले बताएको छ । वनहेरालु वनको हेरचाह नगरी घरमा बस्दा चौपायाहरू जङ्गलमा चर्न जाने, जङ्गल छेउछाउ अतिक्रमण हुने र तस्करहरूले रूख काट्ने, उखेल्ने गरेका कारण वनविनाश भइरहेको स्थानीयको भनाइ छ ।

बिरुवा उत्पादनको नाममा पनि भ्रष्टाचार भएको र उत्पादित बिरुवा संरक्षण नहुने गरेको स्थानीयको आरोप छ ।

## सिके राउतको नाम सुन्दै रिसाए उपेन्द्र

प्रस, परवानीपुर, ४ वैशाख/

बारा–२ उपनिर्वाचनमा सत्तारूढ गठबन्धन दलका साझा उम्मेदवार जसपा अध्यक्ष उपेन्द्र यादव जनमत पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य सिके राउतको नाम सुन्न पनि चाहँदैनन् । सञ्चारकर्मीहरूले प्रश्नमा सिके राउतको प्रसङ्ग आउँदा उनी रिसाउँछन्। सोमवार बाराको महागढीमाई नगरपालिका–६ बबुआइनमा सञ्चारकर्मीहरूले यो अनुभव गरे ।

जसपा अध्यक्ष यादव घरदैलो गर्दै थिए । मतदातालाई नमस्कार गर्दै अघि बढ्दै गरेका यादवलाई सञ्चारकर्मीहरूको समूहले प्रश्न तेर्स्याए– तपाईं चुनावमा हार्दै हुनुहुन्छ, सिके राउतको पार्टीले कडा टक्कर दिंदैछ भन्ने सुनिंदैछ ?

अनुहार रातो पारी यादवले भने– को हुन् सिके राउत, कोबाट परिचालित छन् ? यो खोजको विषय हुन सक्छ, अनुसन्धान गर्नुपर्छ ।

सञ्चारकर्मीहरूको राउतबाटै सप्तरीमा पराजित भएको प्रश्नमा उनले सबै ठाउँमा एकै परिस्थिति नहुने भन्दै अगाडि बढे ।

"तपाईं अङ्कगणितमा अगाडि हुनुहुन्छ, बिहानदेखि बेलुकासम्म किन यति मेहनत गर्दै हुनुहुन्छ ?" भन्ने प्रश्नमा उनले मतदाताहरूसमक्ष पुग्नैपर्ने, मुख देखाउनैपर्ने, मत माग्नैपर्ने उम्मेदवारको धर्म भएकोले आफू सबै मतदाताको घरदैलोमा पुगिरहेको बताए।

बाहिरिया र भितरिया उम्मेदवारको चर्चामा उनले यो सबै जातिगत वितृष्णा फैलाउन रचिएको षचयन्त्र हो र यस्तो अफवाह फैलाउने आफैं बहिष्कार हुने बताए ।



चुनावी प्रचारमा जुटेका नेता उपेन्द्र यादव र उनका समर्थकहरू । तस्वीरः प्रतीक

### विचारसार र सुक्तिहरू

**संसारमा कुनै काम यस्तो छैन, जुन लगनपूर्ण पुरुषार्थका बलमा सम्पन्न गर्न नसकियोस् ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# त्रिविवि पनि गन्हाउने थलो भयो

**त्रिभुवन विश्वविद्यालय देशको एउटा नाम चलेको र सबैको शैक्षिक आस्थाको थलो हो । तर विगतका दिनमा यसको अवस्था नितान्त स्वार्थमा जेलिएको देशको राजनीतिजस्तै हुन पुगेको छ। जनतासँग कुनै सरोकार नराखेर मात्र व्यक्ति र दलको स्वार्थमा रूमलिएको नेपाली राजनीतिको अनुसरण गर्दै त्रिभुवन विश्वविद्यालयले ठाकुराराम बहुमुखी क्याम्पस वीरगंजका विद्यार्थीहरूको स्नातक प्रथम वर्षको परीक्षाको केन्द्र यहाँभन्दा १५–२० किलोमिटर टाढा कलैया र सिमरामा निर्धारित गरेको छ । पहिलो कुरा त परीक्षा केन्द्रको निर्धारण एक हप्ता पहिले नै हुनुपर्ने हो, त्रिविवि परीक्षा नियन्त्रक कार्यालयले भने दुई दिन अघि मात्र केन्द्र तोक्ने निर्णय गर्‍यो । यसले गर्दा एकातिर विद्यार्थीहरू आक्रोशित भएर परीक्षा शाखामा तालाबन्दी गरी धर्ना बसेका छन् भने क्याम्पस प्रमुख विद्यार्थीहरूभन्दा दुई पाइला माथि राजीनामा दिएका छन्। उनको राजीनामाको कारण स्वास्थ्य भनिए पनि कुनै पनि क्याम्पस प्रमुखले आफ्नो विद्यार्थीलाई यति टाढा पठाएर परीक्षा दिलाउन नैतिकरूपले नै स्वीकार गर्ने कुरा आउँदैन। त्रिविविले गत वर्षदेखि यस्तो गर्दै आएको छ ।**

**अहिले वीरगंज क्षेत्रमा लू चलिरहेको छ । बिहान १० नबज्दै तापक्रम ४०° पुग्न थालेको छ। कुनै ठाउँको मौसम, वातावरणको ख्याल नै नगरी यस्तो अतार्किक निर्णय, त्यो पनि शिक्षाको सर्वोच्च क्षेत्रले लिनु, मानवीय त हुनै सक्दैन। यस्तो निर्णय सरासर पक्षपातपूर्ण र विद्यार्थी हित प्रतिकूल हो। कुनै ठोस कारणविना यस्तो निर्णय लिनु अधिनायकत्व हो। यो देशको सबैभन्दा पुरानो, सबैभन्दा लोकप्रिय, सबैभन्दा बढी विद्यार्थी सङ्ख्या भएको विश्वविद्यालयका लागि कुनै पनि दृष्टिकोणले उपयुक्त मान्न सकिन्न । त्रिविवि परीक्षा शाखा नियन्त्रकको कार्यालयका अनुसार वीरगंजमा परीक्षाको राम्रो व्यवस्थापन हुन नसकेकोले केन्द्र कलैया र सिमरा तोकिएको हो । यदि यही तर्क सही हो भने मुसाको डरले घरमा आगो लगाएसरह भयो। वीरगंजमा प्रहरी छ, प्रशासन छ, यहाँका अन्य सबै परीक्षाहरू व्यवस्थित सम्पन्न भइरहेका छन् भने स्नातक तहको परीक्षामा सहभागी हुनेहरू त उमेरको दृष्टिकोणले पनि परिपक्व जमात हो । उसले परीक्षाको मर्यादा किन निर्वाह नगर्ला ? जे होस्, व्यवस्थापन भएन भने परीक्षाको मर्यादा कायम गराउने नैतिक जिम्मेवारीबाट त्रिविवि कसरी पन्छिन सक्छ ?**

**अहिले यस भेगमा प्रचण्ड गर्मी छ। निश्चय नै १५–२० किलोमिटर आवतजावत गर्न मानिसलाई सकस हुन्छ। फेरि व्यवस्थापनको मात्र समस्या हो भने किन त्रिविवि ठाकुरराम क्याम्पससँग मिलेर अभिभावक तथा वीरगंजको नागरिक समाजसँग बसेर छलफल गर्न सक्दैन ? वार्ता र छलफलबाट विश्वस्तरका समस्याहरूको निदान सम्भव हुन सक्छ भने परीक्षालाई मर्यादित बनाउने विषय ठूलो समस्या त हुँदै होइन। हो समस्याको समाधान खोज्न नचाहने, सुविधाभोगी निर्णयहरू मात्र गर्ने हो भने यस समस्याको समाधान पाउन गाह्रो हुन्छ। स्थानीय समस्याहरूलाई केन्द्रीय सुविधा अनुसार समाधान गर्न खोज्दा हिजोको दिनमा देशको सबै क्षेत्र तहसनहस भइसकेको छ। शिक्षालाई पनि त्यसै बाटोमा धकेल्न खोजेको हो भने भन्नु केही छैन, तर सानो समस्याका लागि असाध्य उपाय खोज्नुलाई बुद्धिमानी मान्न सकिन्न। झिंगा मार्न हात काफी हुन्छ, त्रिविविले बन्दूक पडकाउने प्रवृत्तिमाथि काबु पाउनु नै श्रेयस्कर हुन्छ ।**

# नगरप्रमुखलाई पत्रः नगरप्रमुख–नगरको सिइओ

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com

**मेयरहरू स्थानीय सेवा, सार्वजनिक हितमा नागरिकको सहभागिताको प्रत्याभूतिकर्ता (ग्यारन्टर) हुन् । उनीहरू स्थानीय जनताका आशा र भरोसाका विम्ब हुन र हुनु पनि पर्छ । के हामीले त्यस्तो मेयर प्राप्त गरेका छौं ?**

स्थानीय चुनावको परिणामपछि मैले यो आलेख अहिलेका नगर प्रमुखलाई बधाई दिंदै लेखेको थिएँ र आज फेरि केही सम्पादन गरी यो आलेख प्रस्तुत गर्दैछु । तल उल्लिखित वाक्यहरूलाई यहाँले कहासम्म पूरा गर्नुभयो ? चेकलिस्ट त पक्कै तयार गर्नुभएको होला । तपाईं पदमा बसुन्जेल अब कुनै दलको रहनुभएन। यो नगरलाई अग्रगतिमा डोर्‍याउने एक संवाहक मात्र हो । तपाईं सबैका अभिभावक बन्ने कोशिश गर्नुहोला । आसेपासे र अध्ययनविहीन जमातबाट आफूलाई पक्कै पनि टाढै राख्नुभएको होला । यो आलेखलाई एकपटक फेरी पढनु होला र मनन गर्नु होला । २–४ वटा काम गरेर दङ्ग नपर्नुहोला। आफ्ना टिममा पक्कै पनि विषय विज्ञ नियुक्त गर्नुभएकै होला। अथाह अवसर छ गर्नको लागि।

लगभग एक वर्ष ( वैशाख ३० गते एक वर्ष पुग्छ) आफ्नो कार्यकाल बिताइसक्नुभएको छ । केही हुन्छ भन्ने विश्वास पक्कै दिलाउनुभएको छ । वाहवाही प्राप्त गर्ने नाममा कहीं उन्मादतिर ढल्किरहेको त छैन भनी आफैंलाई प्रश्न गर्न, आत्म मूल्याङ्कन, आत्म–विश्लेषण र आत्मालोचना गर्न नबिर्सनुहोला। लोकतन्त्रको सबैभन्दा ठूलो विशेषतामध्ये यी विशेषता पनि पर्दछन्। तपाईंको सर्वाङ्गीण विकास र समृद्धिको कदमको सबैले मुक्तकण्ठले प्रशंसा गरिरहेकै छन्।

मैले एक हफ्ता अगाडि यसै स्तम्भमा यहाँले गरेको कामको फेहरिस्त प्रस्तुत गरेको थिएँ ।

आज केही रचनात्मक र अनुसन्धानजन्य तथ्यहरू प्रस्तुत गर्ने धृष्टता गर्दैछु–

स्थानीय विकासमा मेयरको भूमिका एउटा बैंकको सिइओजस्तो हुन्छ। मेयर सामान्यतया स्थानीय सरकारको राजनीतिक र प्रशासनिक प्रमुख हुन्छ, त्यसैले उनीहरूले के गर्छन् र सोच्छन् यसले सरकारी नीति र अभ्यासमा प्रभाव पर्छ । गरीबी न्यूनीकरणका लागि मेयरको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ। न्यून आय भएका समूहको जीवनस्तर उकास्न मेयरले दिन रात काम गर्नुपर्ने हुन्छ। मेयर सहज, साधारण र जनताको घरदैलोमा सदैव उपस्थित भई शहरको सर्वाङ्गीण विकासका लागि दत्तचित्त भएर लाग्न सक्नुपर्छ। नागरिकको कुरा सुन्ने धैर्य र सहनशीलता नगरप्रमुखमा हुनैपर्छ चित्त नबुझ्ने कुरामा हप्कीदप्की उचित होइन। मेयरलाई सबैको समस्या समाधान गर्न सक्ने मसिहाको रूपमा नागरिकले लिने गर्छन् ।

मेयरहरू स्थानीय सेवा, सार्वजनिक हितमा नागरिकको सहभागिताको प्रत्याभूतिकर्ता (ग्यारन्टर) हुन्। उनीहरू स्थानीय जनताका आशा र भरोसाका विम्ब हुन र हुनु पनि पर्छ। के हामीले त्यस्तो मेयर प्राप्त गरेका छौं ? शहरको सुशासन र समृद्धिको लागि मेयरले एउटा मियोको दायित्व निर्वाह गर्न सक्नुपर्छ। चुनावको समयमा प्रतिस्पर्धी हुन्छन् तर चुनावपछि सबैको लागि मेयर हुन सक्नुपर्छ । कसैप्रति आग्रह र पूर्वाग्रह नराखी शहरको प्रगतिको लागि सबैलाई मिलाएर अगाडि बढ्न सक्ने हुनुपर्छ। हिजो विरोधी भएर चुनाव लडेका साथीहरूलाई अँगालेर अघि बढ्न सक्ने हुनुपर्छ। त्यस्तालाई नै लोकतान्त्रिक नेता भनिन्छ।

सफलतामा मात्तिने र गाह्रो पर्दा आत्तिने स्वभाव उचित होइन। सत्य र तथ्यको अनुसन्धान गरी विज्ञहरूको सल्लाह अनुसार मात्र गर्दा त्यसको दीर्घकालीन सकारात्मक परिणाम प्राप्त हुन्छ। मुख्य कुरा के हो भने मेयर पद कुनै दल विशेषको होइन। जनप्रतिनिधि भनेको जनताको सेवक हो जनताको साहु अवश्य होइन।

स्थानीय सरकार आफ्नो नागरिकको दैनिक जीवनसँग सम्बन्धित हुन्छ।

जीवनको गुणस्तरमा प्रत्यक्षरूपमा प्रभाव पार्ने पूर्वाधार र सेवाहरूको व्यवस्थापन गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी र कर्तव्यभित्र पर्छ । सामान्यतया मेयरहरू शहरको वर्तमान र भविष्यको विकासको स्वरूपमा यसको सफलताको लागि कसरी नयाँ लगानी आकर्षित गर्न सकिन्छ भनी योजनाहरू बनाउन तल्लीन हुनुपर्छ। पूँजीविना समृद्धि हुनै सक्दैन। जनताको ढाड भाँचिनेगरी कर लाद्ने र त्यसै करको पैसाले पजेरो संस्कृतिलाई बढावा दिएर विकास र प्रगति किमार्थ हुन सक्दैन।

मेयरले शहरलाई गति प्रदान गर्न विज्ञहरूको सल्लाह र सुझाव लिई अगाडि बढ्नु हितकर हुन्छ। हाम्रोमा कुरा ठूल्ठूला गर्ने तर खोज–अनुसन्धान गर्ने संस्कतिको अभाव छ। विज्ञहरूको टिम नै बनाएर अघि बढ्न सके शहरको प्रगतिको गोरेटो कोर्न ज्यादै सहज हुन्छ। शिक्षा, स्वास्थ्य, पूर्वाधार, यातायात र व्यवस्थापन, पानी व्यवस्थापन, महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, पर्यटन, प्रदूषण नियन्त्रण, फोहोर व्यवस्थापन, संस्कृति र सम्पदाको संवर्द्धन र जगेर्ना, कृषि, खेलकूद, खुला ठाउँ र हरियालीको व्यवस्थापन, डिजिटल सरकारको अवधारणाजस्ता कुरामा विज्ञ समूह बनाई काम गर्दा काममा त्रुटिको गुन्जायश रहँदैन। शहरको मुहार फेर्नंनयाँ अवधारणा आत्मसात् गर्नु पनि त्यति नै जरूरी छ–जस्तैः होम डेलिभरी सरकार, आइडिया बैंक, भ्रष्टाचार विरोधी ब्युरो, मेट्रो साइबर ब्युरो, कल केन्द्र, स्वास्थ्य बीमा, मानसिक स्वास्थ्य सहायता सेल, सिक्युरिटी सेल आदि ।

संसारका लोकतान्त्रिक देशहरू निजीकरणलाई ठूलो महत्त्व दिन्छन् र निजी संस्थासँग सहकार्य गरेर समृद्धि प्राप्त गर्छन् । स्थानीय सरकार त्यसको मियो हो । यो कुरा बुझ्नु ज्यादै जरूरी छ। निजी क्षेत्रसँग सहकार्य गरेर पिपिपी मोडेलमा विभिन्न रोजगार सृजना गर्न सकिन्छ । भएका पूर्वाधारलाई प्रोत्साहन गर्न सक्नुपर्छ । विदेशीहरूको आकर्षण बढाउन धेरै काम गर्न सकिन्छ। यसले विदेशी मुद्राको सञ्चिति हुन्छ। यो पाइलट परियोजना वीरगंजबाटै किन शुरू नगर्ने ?

जनतालाई सास्ती हैन सहज वातावरण बनाइदिनुपर्छ। स्थानीय तहमा पर्साका जनतालाई सबैभन्दा बढी दुःख दिने काम कर्मचारीबाट हुने गरेको धेरै गुनासो सञ्चारगृहहरू प्रकाशित भएका छन् । कर्मचारीले जनतालाई परेको गाह्रो–साँघुरो सहज बनाइदिने हो उनीहरूलाई दिक्क पार्ने होइन ।

राजनीतिमा नैतिकताको सन्देशले महत्त्वपूर्ण स्थान ओगट्छ । स्वच्छ, पारदर्शी र जवाफदेह राजनीतिक नेतृत्वले नै वडा र पालिकाहरूको वस्तुस्थिति अनुरूप विकासमा साझेदारी, प्रभावकारी नीति–निर्माण, चुस्त कार्य सम्पादन गर्न सक्छ। भ्रष्टाचार न्यूनीकरण र वित्तीय सुशासन कायम गर्न र गराउन पनि जनप्रतिनिधिको भूमिका महत्त्वपूर्ण हुन्छ। स्थानीय सरकारहरू सहजै जनताको घरदैलोमा पुग्न सक्ने र जनतालाई सरकारको आभास दिलाउन सक्ने भएकाले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कार्यान्वयन गरी जनपक्षीय काम सहज सम्पन्न गर्दै राष्ट्र निर्माणमा टेवा पुर्‍याउनु पनि असल जनप्रतिनिधिको दायित्व हो ।

राजनीति पेशा होइन, सामाजिक सेवा हो भन्ने गरिए पनि, नेपालमा अधिकांश नेताले राजनीतिलाई नै मुख्य पेशा बनाएका छन् । यसले उनीहरूको जीविका र आयस्रोत के हो भन्ने प्रश्न उठाएको छ। र उनीहरूका कार्यकर्ताको उद्यमशील जाँगर निष्क्रिय पारिदिएको छ । उनीहरूको रोजगारको प्रत्याभूतिबारे अध्ययन गर्नु र कार्यान्वयन तहसम्म पुर्‍याउनु ठूलो उपलब्धि हो। यसका लागि मेयरले एउटा प्रबुद्धमण्डल (थिंक ट्यांक) गठन गरी काम अघि बढाउनु जरूरी छ। पालिकामा झगडा, गुण्डागर्दी, अशान्ति हुने मुख्य कारण युवाहरू बेरोजगारी हुनु हो । हिन्दीमा भनाइ नै छ–खाली दिमाग शैतानका अड्डा ।

सङ्घीयताको मर्म र स्थानीय सरकारको परिकल्पना नै नीति–निर्माणमा प्रभावकारिता, विकासका लाभहरूमा न्यायोचित पहुँच, सर्वसुलभ सार्वजनिक सेवा, व्यापक जनसहभागिता हो ।

राजनीतिमा शैक्षिक उपाधि, सीप र विद्वताको अहम् भूमिका हुन्छ। शिक्षाले नै उम्मेदवारको दक्षता, उसले बनाउने पालिकाका एजेन्डा र भिजनलाई सार्थकरूपमा प्रतिफलमुखी बनाउन सक्छ। शिक्षित प्रतिनिधिले मात्र नीति–निर्माण, विकास आयोजनाका अनुगमन र मूल्याङ्कन साथै दैनिक कार्यसम्पादनका क्रममा परिपक्व निर्णय गरी कार्यान्वयनमा ल्याउन सक्छ।

अन्त्यमा, स्थानीय जनताले अत्यधिक मतले तपाईंलाई विजयी बनाएको छ । आफ्ना उपलब्धिहरूको सार्वजनिक लेखा परीक्षण गराउनुहोला । रचनात्मक आलोचनालाई आत्मसात् गर्नुहोला । शहरलाई डिजिटलाइज गर्ने कोशिश गर्नुहोला । क्यानडा, बेल्जियम, स्वीडेन र युरोपेली मुलुकहरूको शहरी विकासको अध्ययन गर्न लाउनुहोला। सडक, नाला, तथा पूर्वाधार विकासको लागि १० वर्षको हैन, ५० वर्ष पछिको परिकल्पना गरेर नीति, नियम बनाउनुहोला। यस्ता नीति–नियम बनाउँदा संरचात्मक परिवर्तन गर्न कुनै कसर नछोड्नुहोला।

अब आफ्नो नगरलाई उत्कृष्ट बनाउन अहोरात्र काम गरेर देखाउनु छ। यहाँको पाँच वर्षको कार्यकाल प्रशंसनीय, उपलब्धिपूर्ण र नागरिकले वर्षौंसम्म मुक्तकण्ठले वाहवाह गरिरहन पाउने खालको होस् !

**जाँदाजाँदै**

देशको ७० प्रतिशत राजनीति बर्बाद गर्ने कर्मचारी हुन् भन्ने कुरा अनुसन्धानले देखाएको छ। त्यसैले उनीहरूको काम–कारबाहीको मूल्याङ्कन गर्न केही विज्ञहरूलाई आउटसोर्स गरी बारम्बार छड्के जाँच गर्न नबिर्सनुहोला।

# विश्व हेमोफिलिया दिवस


काठमाडौं, ४ वैशाख/रासस

विश्व हेमोफिलिया दिवसका अवसरमा नेपाल हेमोफिलिया समाजले विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरेको छ।

विश्व हेमोफिलिया दिवसको यस वर्षको नारा 'सबैका लागि पहुँचः रक्तस्राव रोकथाम विश्व हेरचाहको मापदण्ड' रहेको छ । विसं २०७८ मा राष्ट्रिय जनगणनामा हेमोफिलियाका व्यक्तिको सङ्ख्या ४,९३७ जना रहेको देखाएको थियो । नेपाल हेमोफिलिया समाजमा ८१४ जना आबद्ध छन्।

समाजका अध्यक्ष मुकुन्दमणि घिमिरेले भने–"हामीसँग सम्पर्कमा रहनुभएका ८१४ बाहेक अन्य को, कहाँ, कस्तो अवस्थामा छन्, तत्काल खोजी हुनुपर्छ, रक्तस्रावको समयमा रोकथाम उपचार नभए उहाँहरूको ज्यान जोखिम बढेर जान्छ।"

विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रतिपाँच हजार पुरुषको जन्ममा एकजना हेमोफिलियायुक्त व्यक्ति जन्मन्छन् । चिकित्सकका अनुसार वंशाणुगत वा अन्य कारणले पनि हेमोफिलिया देखा पर्न सक्छ । रगत जमाउन आवश्यक तत्त्व क्लटिङ फ्याक्टरको कमीका कारण लामो समयसम्म रक्तस्राव भइरहने अवस्थालाई हेमोफिलिया भनिन्छ।




चिकित्सकका अनुसार हेमोफिलिया दुई प्रकार 'ए' र 'बी' हुने गर्दछ। हेमोफिलिया 'ए' क्लटिङ फ्याक्टर–८ को कमीले र हेमोफिलिया 'बी' क्लटिङ फ्याक्टर–९ को कमीले हुने गर्छ । हेमोफिलियाको वर्गीकरण अनुसार माइल्ड, मोडोरेट र सिभिएर हेमोफिलिया हुन्छ ।

निजामती कर्मचारी अस्पतालका प्राडा विशेष पौड्यालका अनुसार नेपालका हेमोफिलियाका अधिकांश बिरामीमा 'ए' देखिएको हो । उनका अनुसार प्रायः पुरुषमा देखिएको हेमोफिलिया आमाबाट छोरामा सर्ने गर्छ। पुरुषसँगै महिलामा पनि यो रोगको जोखिम रहेको उनी बताउँछन्।

"विश्वमा हरेक पाँचजना माइल्ड हेमोफिलियाका व्यक्तिमध्ये एकजनामा सिभिएर हुन सक्छ, महीनावारीमा धेरै रगत बग्ने महिलामा समेत माइल्ड हेमोफिलिया हुन सक्दछ, त्यसैले यसको समयमा परीक्षण गराउनुपर्छ"–उनी भन्छन्।

विश्व हेमोफिलिया महासङ्घका बोर्ड सदस्यसमेत रहेका डा पौड्यालका अनुसार हेमोफिलिया भएका व्यक्तिमा आन्तरिक रक्तस्रावका कारण शरीरका विभिन्न भागमा नीलडाम देखिनु, खोप वा सुई लगाउँदा धेरै सुन्निने र दुख्ने हुन्छ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# नयाँ निर्माणभन्दा भएका सडक व्यवस्थित गरिँदै

-सञ्चिता घिमिरे

काठमाडौं, ४ वैशाख/रासस

नयाँ सडक खन्ने काममा जोड दिँदै आएको सडक विभागले पछिल्लो समय भइरहेका सडकको विस्तार, स्तरोन्नति र आवश्यक संरचना निर्माणलाई प्राथमिकता दिन थालेको छ। विगतमा निर्माण भएका राजमार्ग स्तरोन्नति र


तस्वीरः सौजन्य

विस्तार, ट्राफिक बत्ती जडान, 'फ्लाई ओभर' निर्माण, सुरुङलगायत संरचनाको अध्ययन, आधुनिक पुल निर्माणलगायतमा केन्द्रित भएको पाइएको छ।

सरकारको रणनीति परिवर्तन भएर भइरहेका राजमार्गहरू विस्तारले प्राथमिकता पाइरहेको सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले बताए। उनका अनुसार सडक यातायात सबैभन्दा महत्त्वपूर्ण भएकाले अहिले प्राथमिकता राष्ट्रिय राजमार्गको विस्तार भएको बताए। उनले बताए, "पूर्व-पश्चिम राजमार्ग, मुग्लिन-पोखरा राजमार्गलगायत चार लेनमा विस्तार भइरहेका छन्।"

राष्ट्रिय राजमार्गको मर्मतसम्भार गर्ने, स्तरोन्नति गर्ने, नयाँ राजमार्गको निर्माण गर्ने र भएका सम्पत्तिको संरक्षण गर्ने र नागरिकलाई सर्वसुलभ किफायती यातायात संरचना निर्माणमा काम भइरहेको उनको भनाइ छ।

चालू आवमा ग्वार्कोमा फ्लाइओभर र सिद्धबाबामा सुरुङमार्ग शुरू गरिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ। लामो समयदेखि सिद्धार्थ राजमार्गको त्यो खण्डमा नागरिकले दुःख पाइरहेकाले त्यसलाई सुधार गर्न सिद्धबाबामा सुरुङ बनाउन लागिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता भीमार्जुन अधिकारीले जानकारी दिए। उनका अनुसार काठमाडौं उपत्यकाबाट पूर्वतर्फ जाने सवारीसाधनको चाप कम गर्न सरकारले सूर्यविनायकदेखि धुलिखेल सडक विस्तारको काम अघि बढाइएको छ।

महेन्द्र राजमार्ग अन्तर्गत नारायणगढ बजारमा ठूलो सिग्नेचर पुल बनाउन तथा मुग्लिन-पोखरा सडक, नागढुङ्गाबाट नौबिसे हुँदै मुग्लिन सडक स्तरोन्नति शुरू भइसकेको उनले बताए। उनले भने, "पूर्वमा काँकडभिट्टादेखि लौकहीसम्म र कमलाबाट ढल्केबर सडक शुरू गर्ने चरणमा रहेको छ।"

राष्ट्रिय गौरवका आयोजनाहरूको लक्षित समय नजीकिए पनि सम्पन्न हुने चरणमा पुगिसकेका छैनन्। ती आयोजनामा लक्ष्य कोभिड सङ्क्रमण शुरू हुनुभन्दा पहिले लिइएको भएपनि दुई/तीन आर्थिक वर्ष कोभिडले र अरू विभिन्न कारणले अवरोध सिर्जना गरेकाले मध्यपहाडी राजमार्ग र हुलाकी राजमार्ग निर्धारित समयमा सम्पन्न हुने नदेखिएको प्रवक्ता अधिकारीले बताउनुभयो। त्यसलाई कहिलेसम्म सम्पन्न गर्न सकिन्छ भनी नयाँ लक्ष्य निर्धारण गर्न आवश्यक रहेको उनको भनाइ छ।

राष्ट्रिय गौरवका आयोजनातर्फ मध्यपहाडी राजमार्गमा यो वर्ष ४२ किमी सडक कालोपत्र भएको छ भने चारवटा पुल सम्पन्न भएका छन्। हुलाकी राजमार्गममा ३६ दशमलव पाँच किमी सडक सम्पन्न भएको छ भने सात पुल सम्पन्न भएका छन्।

उत्तर-दक्षिण करिडोरमध्ये कालीगण्डकी करिडोरमा प्रगति बढी देखिएको छ। सो करिडोरमा १० किमी सडक कालोपत्र, ३० किमी सडक ग्राभेल भएका छन् भने चारवटा पुल सम्पन्न भएका छन्। कोशी करिडोरमा १५ किमी सडक ग्राभेल भएको छ र एउटा पुल सम्पन्न भएका छन्। कर्णाली करिडोरमा साढे तीन किमी ट्र्याक खोलिएको छ भने ३८ किमी सडकको ट्र्याक चौडा गरिएको छ। मदन भण्डारी राजमार्ग अन्तर्गत चालू आवमा थप छ किमी कालोपत्र भएर जम्मा २६५ किमी सडक सम्पन्न भएको छ। राजमार्गमा पर्ने १८५ वटा पुलमध्ये ९९ वटा सम्पन्न भएका छन्। नागढुङ्गा सुरुङमार्गमा पाँच किमी ४९९ मिटरमध्ये चार किमी २७५ दशमलव ४५ मिटर सुरुङ खनिसकिएको र ९७७ दशमलव सात मिटर सुरुङ कङ्क्रिट लाइनिङ गर्ने काम सकिएको छ। अहिलेसम्म तीन अन्डरपास, चार कल्भर्ट, एक ओभरपास र तीन पुल सम्पन्न भइसकेका छन्।

नारायणगढ-बुटवल सडकमा २८ साना पुल र तीन प्रमुख पुलको निर्माण सम्पन्न भएका छन्। मुग्लिन-पोखरा सडकमा सातवटा साना पुलको निर्माण सम्पन्न भएका छन्। सो सडकमा पर्ने मादी र सेती नदी पुल ठेक्का सम्झौता भएर हाल डिजाइन स्वीकृत हुने चरणमा रहेको छ। अहिलेसम्म मन्त्रालयको प्रगति झन्डै ३० प्रतिशत रहेको छ। प्रवक्ता अधिकारीले भने, "नयाँ बजेट बनाउँदा यी कुरा सुधारेर योजना बनाउनुपर्छ।"

रातो किताबमा परेका कार्यक्रममा समस्या नभए पनि अरू योजनामा बजेटको समस्या आइरहेको उनको भनाइ छ। खासगरी राष्ट्रिय गौरवका आयोजनामा बजेटको समस्या रहेको छैन। विभागको प्रगति अहिलेसम्ममा ६०-६५ प्रतिशतभन्दा माथि जानुपर्नेमा अहिलेको प्रगति कम रहेको उनले बताए।

कोभिडभन्दा पहिले यो मन्त्रालयको प्रगति झन्डै ८० प्रतिशत खर्च हुने गरेको थियो। नेपाल सरकारको लगानीका योजनामा प्रगति ९० भन्दा बढी हुन्थ्यो र वैदेशिकको केही कम हुँदा पनि समग्रमा झन्डै ८० प्रतिशत पुग्ने गरेको थियो। कोभिड शुरू भएयता भने प्रगति कम रहेको छ। गत आवमा प्रगति ५७ प्रतिशत र त्योभन्दा पहिलेको वर्षमा ६७ प्रतिशत रहेको थियो।

मन्त्रालयले यातायात प्राधिकरणका लागि आवश्यक कानून निर्माण अघि बढाएको छ। यातायात प्राधिकरणको नियमावली मस्यौदा तयार गरेर अर्थ मन्त्रालयमा सहमतिका लागि गएको प्रवक्ता अधिकारीले जानकारी दिए। मन्त्रालयले गर्ने काम गरिसकेको र सहमति आएपछि कानून मन्त्रालयमा सहमतिका लागि जानेछ। कानून मन्त्रालयबाट सहमति आएपछि मन्त्रिपरिषद्मा पेश हुने उनले बताए। अघिल्लो वर्ष पूर्व-पश्चिम विद्युतीय रेलमार्गमा दुई किमी रेलवे ट्र्याक बेल्ट र दुई रेलवे पुल निर्माण सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

अहिलेसम्म साढे ५४ किमी ट्र्याक बेल्ट तयार भएको र सातवटा रेल पुल सम्पन्न भएको रेल विभागले जनाएको छ। बर्दिबासदेखि निजगढको खण्डमा मात्रै निर्माणको काम भइरहेको विभागका महानिर्देशक रोकितकुमार बिसुरालले बताए। भारत सरकारको सहयोगमा निर्माण भएका रेलमार्गहरूमध्ये भारतको बथनाहादेखि विराटनगरको भन्सार कार्यालयसम्म र भारतको जयनगरदेखि बिजुलपुरासम्म रेलमार्गसम्म सम्पन्न भइसकेको उनले बताए। उनले भने, "जयनगरदेखि कुर्थासम्म रेल चलिरहेको छ। कुर्थाबाट बिजुलपुरासम्म १७ किमीमा पनि रेलमार्ग सम्पन्न भइसकेको छ।" र क्सौल-काठमाडौं अध्ययन भएर प्रतिवेदन आउन बाँकी रहेको महानिर्देशक बिसुरालले बताए। काठमाडौं-केरुङ रेलमार्गको सम्भाव्यता अध्ययन भइरहेको छ।

# देशभर तीन दिनसम्म तुवाँलो रहने

काठमाडौं, ४ वैशाख/रासस

केही दिन यतादेखि डढेलोका कारण काठमाडौंसहित देशभर वायु प्रदूषण बढ्दै गएको छ। काठमाडौं उपत्यकासहित देशका धेरैजसो ठाउँमा बढिरहेको वायु प्रदूषण अझै तीन दिनसम्म कायम रहने जनाइएको छ।


तस्वीरः सौजन्य

प्रदूषणलाई नेपालबाट अन्यत्रै लैजाने गरी हावा नचल्ने र पानी पर्ने पनि सम्भावना नरहेकोले प्रदूषण अझै केही दिन स्थिर रहने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। देशका केही ठाउँमा लामो समयदेखि पानी नपरेको र धेरै ठाउँमा डढेलो लागेकोले वायु प्रदूषण उच्च भएको महाशाखाको भनाइ छ।

वातावरण विभागका प्रवक्ता शङ्करप्रसाद पौडेलले डढेलोबाट निस्केको धूवाँसँगै पानी नपर्नु र हावा कम चल्नाले प्रदूषण सतह नजीक थुप्रिएको बताए। उनले स्याटेलाइट तस्बिर हेर्दा काठमाडौं उपत्यकामा बारा, पर्सा र चितवनबाट निस्केको धूवाँका कारण प्रदूषण बढेको जानकारी दिए। बारा, पर्सा र चितवनबाट बाग्मती करिडर हुँदै काठमाडौंमा आएको हावा अन्यत्र बहन नसक्दा काठमाडौं उपत्यकामा प्रदूषणको मात्रा बढेको हो। प्रदूषणबाट जोगिन सावधान हुनुपर्ने तथा वायु प्रदूषण बढिरहेकोले घरबाहिर सकेसम्म ननिस्कन र निस्कनै परे मास्क र चश्मा अनिवार्य प्रयोग गर्न विभागले आग्रह गरेको छ। जलवायु विज्ञ डा धर्म उप्रेतीले सबैले अनिवार्य मास्क प्रयोग गर्नुपर्ने र अत्यावश्यक काम नभई घरबाट बाहिर निस्कन नहुने बताए। उनले प्रदूषण हट्न अझै केही दिन लाग्ने बताए।

वायु प्रदूषणका कारण ब्लड प्रेसर बढ्ने, मुटुको समस्या, क्यान्सरलगायत समस्या बढ्ने भएकोले सावधान रहनसमेत वातावरण विभागका प्रवक्ता पौडेलले जानकारी दिए। प्रदूषित हावाका कारण देशैभर हवाई उडानसमेत प्रभावित बन्दै गएको छ।

त्रिभुवन विमानस्थल कार्यालयका अनुसार कम भिजिबिलिटीका कारण आन्तरिक विमानस्थलहरूको उडान आइतवार प्रभावित बनेको थियो। काठमाडौंबाट अन्तर्राष्ट्रिय उडान भने सामान्य भइरहेको बताइएको छ। आइतवार गरिएको हावाको गुणस्तर

(बाँकी पाँचौं पातामा)

# आलु महोत्सवमा रु पाँच करोडको आलु बिक्री

गण्डकी, ४ वैशाख/रासस

आलु गाउँको नामले परिचित हेमजा आलु महोत्सव, रु पाँच करोड बराबरको कारोबार गर्दै सम्पन्न भएको छ। गत चैत २६ गतेदेखि शुरुआत भएको ११ औं संस्करणको राष्ट्रिय हेमजा महोत्सवमा ८० टन आलु बिक्री हुँदा रु पाँच करोडको कारोबार भएको हो। हेमजाको आलु छिटो पाक्ने, विषादि कम प्रयोग हुने तथा स्वादिष्ट रहेकोले त्यहाँ उत्पादित आलुको माग उच्च हुने गरेको महोत्सवको कृषक परिचालन उपसमितिका संयोजक जयराम तिमिल्सिनाले जानकारी दिए।

आइतवार सम्पन्न महोत्सव समापन समारोहमा कृषक सम्मान, कृषक परिचयपत्र वितरण, कृषि एम्बुलेन्स प्रदर्शनीलगायत विभिन्न पुरस्कार वितरण गरिएको छ।

पोखरा महानगरपालिका कृषि तथा पशु विकास महाशाखाको समन्वयमा विभिन्न वडाका उत्कृष्ट २४ किसानलाई सम्मानपत्रसहित नगदले सम्मान गरिएको हो। त्यस्तै हेमजाका किसान देवीरमण पौडेल, अमृत पौडेल, वीरबहादुर कार्की, सुनीता श्रेष्ठ, शीलशोभा नेपाली र नीरज तिमिल्सिना साथै शिक्षासेवीद्वय चतुरमान श्रेष्ठ र टासी फुनचोक पनि सम्मानित भए। त्यस्तै सो अवसरमा शाखाले किसान परिचयपत्र पनि वितरण गरेको थियो।

सो अवसरमा पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले क्लबले सराहनीय कार्य गरेको चर्चा गर्दै आगामी वर्षदेखि आलु महोत्सवलाई रातो किताबमा नै व्यवस्था गरी रकम विनियोजन गर्ने प्रतिबद्धता जनाए। उनले एक वडा एक उत्पादन गर्ने उद्देश्यका साथ महानगर अगाडि बढिरहेको जनाउँदै कृषिलाई आयआर्जनसँग जोडे मात्रै समृद्धि हासिल हुन सक्ने पनि औंल्याए। क्लबको बहुउद्देश्यीय भवन निर्माणमा पनि महानगर सहयोग गर्न तत्पर रहेको उनले स्पष्ट पारे।

पोखरा-२५ हेमजाका वडाध्यक्ष एवं महानगरपालिकाका प्रवक्ता मोतीलाल तिम्सिनाले आलु महोत्सवको चर्चा देश विदेशमा हुने गरेकोमा खुशी व्यक्त गर्दै योसँगै हेमजाको इज्जत बढेको स्पष्ट पारे। प्रवक्ता तिम्सिनाले महोत्सवमा महानगरको कृषि महाशाखाको भूमिका प्रशंसनीय रहेको बताए।



आलुको पहाड। तस्वीरः फाइल/रासस

कृषि अनुसन्धान निर्देशनालय लुम्लेका निर्देशक डा कालिकाप्रसाद उपाध्यायले हेमजामा लगाइने एमएस ४२ जातको आलु उन्मोचनमा निर्देशनालयको भूमिका महत्त्वपूर्ण रहेको स्मरण गर्दै आलु उत्पादन क्षेत्र घट्दै जानु दुःखद भएको बताए।

त्यस अवसरमा पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरिया, विष्णुपादुका माविका अध्यक्ष कृष्ण नेपाली, महिला सञ्जाल हेमजा अध्यक्ष रमा त्रिपाठी, मानव सेवा आश्रमका अभियन्ता मदन थापा, कृषि सञ्जालका अध्यक्ष राजेन्द्र कार्कीलगायतले धारणा राखेका थिए।

महोत्सवमा करीब रु पाँच करोडको कारोबार भएको छ। आलु मात्रै ८० टन बिक्री भएको छ। हेमजाको आलु छिटो पाक्ने, विषादि कम प्रयोग हुने तथा स्वादिष्ट रहेकोले त्यहाँ उत्पादित आलुको माग उच्च हुने गरेको कृषक परिचालन उपसमितिका संयोजक जयराम तिमिल्सिनाले जानकारी दिए।

महोत्सवकै अवसरमा भएका रत्यौली गीत, झाँकी प्रदर्शनीलगायतका सहभागीलाई क्लबले सम्मान गरेको छ। त्यस्तै प्रत्येक आमा समूहलाई दुईवटाका दरले कर्चीसमेत प्रदान गरिएको छ।

महोत्सव अन्तर्गत आलु तथा ताजा तरकारीको बृहत् प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन तथा प्रशिक्षण, माटो, बोट बिरुवाको परीक्षण तथा रोगको निदान, कृषिसम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, बीउबिजन तथा अन्य कृषियन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कारलगायत कार्यक्रम गरिएको थियो।

मूल समारोह समितिका अध्यक्ष सुबिन श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सांस्कृतिक उपसमिति संयोजक दानबहादुर थापाले स्वागत तथा महासचिव वसन्तकुमार श्रेष्ठ तथा उद्घोषक नेत्रपाणि बास्तोलाले कार्यक्रम सञ्चालन गरेका थिए।

# कार्यालय उद्घाटन

प्रस, वीरगंज, ४ वैशाख

सामाजिक संस्था परिवर्तन नेपाल फाउण्डेशनले सोमवारदेखि आफ्नो कार्यालय सञ्चालनमा ल्याएको छ। वीरगंजको माईस्थान दुई नम्बर रोडमा सञ्चालनमा आएको कार्यालयको आज उद्घाटन गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले कार्यालयको उद्घाटन गरेका हुन्।

संस्थाका अध्यक्ष रणधीर वर्णवालको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा भारत, रक्सौलका इन्स्पेक्टर मनोज शर्मा, सबइन्स्पेक्टर अनिल शर्मासहित विभिन्न सङ्घ/संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता थियो।

यसअघि संस्थाका पदाधिकारी तथा सदस्यहरूले कार्यालयको पूजापाठ गरेका थिए। सामाजिक कार्यमा सक्रिय रहेको यस संस्थाको कामकाज व्यवस्थित गर्न



कार्यालय सञ्चालनमा ल्याइएको संस्थाका सचिव विशेष साहले बताए।



वीरगंज महानगर-१३ पावरहाउस चोकस्थित यात्रु प्रतीक्षालयमा माइक्रोचालकलाई जबरजस्ती करणी अपराधसम्बन्धी सचेतनामूलक पर्चा वितरण गर्दै प्रहरी। तस्वीरः प्रतीक

# गृहको वर्ष २०७९ : सुराकी खर्च खारेज, व्यवस्थित सरुवा-बढुवादेखि मिटरब्याजी पीडितसँग ऐतिहासिक सम्झौतासम्म

-नारायण ढुङ्गाना
काठमाडौं, ४ वैशाख/रासस

वर्ष २०७९ मा गृह मन्त्रालय अन्तर्गत केही महत्त्वपूर्ण कार्य सम्पन्न भएको छ। मुख्यगरी विसं २०७९ साल चुनावी वर्ष नै बन्न पुग्यो। वैशाख ३० गते स्थानीय तहको निर्वाचन, मङ्सिर ४ मा सङ्घ र प्रदेशको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो भने त्यसपछि फागुन २५ मा राष्ट्रपति र चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन भयो।

ती निर्वाचनमा शान्ति र सुरक्षाको जिम्मा पाएको गृह मन्त्रालयले भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरी महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो। गृहचिव विनोदप्रकाश सिंह सफलतापूर्वक सबै चुनाव सम्पन्न गर्नाका साथै अन्य धेरै काम गृहले २०७९ मा गरेको बताउँछन्। उनी मिटरब्याज पीडितको अवस्था अध्ययनपछि पीडितसँग सम्झौता गरी आयोग नै गठन गरिएको र उक्त कार्य कसूर हुनेगरी कानून संशोधनको प्रक्रियामा जानु महत्त्वपूर्ण र ऐतिहासिक कार्य भएको बताउँछन्।

यो समस्या लामो समयदेखि जकडिएर रहेको थियो। पीडितहरू घरवारविहीन अवस्थामा पुगेका थिए। गएको वर्ष गृह मन्त्रालयको तदारुकताले मिटरब्याज पीडितसँग ऐतिहासिक सम्झौता भएको र सम्झौता अहिले कार्यान्वयनको चरणमा छ। मिटरब्याजमा रकम लगानी गरी अनियमितता गर्ने व्यक्ति तथा संस्थाको छानबीन तथा पीडितको न्यायका लागि आवश्यक कानून मस्यौदा तयार भएको छ। समस्या समाधानका लागि आयोग गठन गरेर काम अघि बढाइएको छ।

गृहमन्त्री र गृह सचिवले तीन दशक अघिदेखि विशेष सूत्र वा सुराकी परिचालनसम्बन्धी खर्चको व्यवस्थालाई सरकारले खारेज गरेको छ। उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले गृहमन्त्रीको कार्यभार सम्हालेपछि उक्त व्यवस्था खारेज गर्न पहिलो निर्णय गरेका थिए।

सोही निर्णयको आधारमा मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्को



तस्वीर: फाइल

बैठकले अघिल्लो महीना उक्त प्रावधान खारेज गरेको हो। यस अघि तीन दशकदेखि गृहसचिवले दैनिक रु २० हजारसम्म र गृहमन्त्रीले रु ५० हजारसम्म खर्च गर्न पाउने व्यवस्था थियो। महालेखाले समेत यो विषयमा प्रश्न उठाउँदै आएको थियो।

यस्तै बहिर्गमित माओवादी लडाकूका लागि रु दुई लाखका दरले राहत दिने सरकारले निर्णय गरेको छ। उक्त निर्णय अहिले कार्यान्वयनको चरणमा रहेको गृह सचिव सिंह जानकारी दिन्छन्। विसं २०७३ देखि नै राहत दिने उक्त विषय अडकेर बसेकोमा यस पाली गाँठो फुकाएर दिन लागिएको हो।

अर्को महत्त्वपूर्ण निर्णय भने सरुवा र बढुवालाई व्यवस्थित गरिएको छ। मन्त्रालयले प्रमुख जिल्ला अधिकारी (सिडिओ)हरूको सरुवाका लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी पहिलोपटक कार्यविधि बनाई लागू गरेको छ। यो कार्यविधि पहिलो हो।

सबैलाई सबै ठाउँमा अवसर र अनुभव प्राप्त हुनेगरी मन्त्रालयले 'प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा कामकाज गर्न खटाउनेसम्बन्धी कार्यविधि २०७९' तयार पारी लागू गरेको हो। उक्त कार्यविधि अनुसार अब भने कुनै पनि प्रजिअ आफ्नो गृह जिल्लामा सरुवा हुन पाउने छैनन्। यसले विगतमा हुँदै आएको भनसुन, दबाब र प्रभाव रोक्ने विश्वास गरिएको छ।

नक्कली शरणार्थी बनाएर अमेरिका पठाउन खोज्ने गिरोह तथा नक्कली कागजात पेश गरेर सक्कली नागरिकता लिने गिरोहलाई कानूनी कारबाईमा ल्याइएको छ। यस्तै नेपालमा बसेर विदेशी नागरिकलाई ठगी गर्ने तथा नेपालभित्रै बसेर अनलाइन ठगी तथा कल सेन्टर खोलेर ठगी गर्ने गिरोहसमेतलाई पक्राउ गरी कारबाईको दायरामा ल्याइएको छ।

पृथ्वीबहादुर शाहजस्ता ठगीमा संलग्न रहेका आरोपीलाई पक्राउ गरी कानूनी दायरामा ल्याउँदा यसले समाजमा महत्त्वपूर्ण सन्देश प्रवाह गरेको गृहको निष्कर्ष छ।

वर्ष २०७९ मा गृहले केही महत्त्वपूर्ण कानूनी व्यवस्थासमेत गरेको छ। फौजदारी कसूर (कैद कट्टा) नियमावली २०७९, सामाजिक सुरक्षा (दोस्रो संशोधन) नियावली २०७९, कारागार ऐन २०७९, कारागार (पन्ध्रौं संशोधन) नियमावली २०७९, स्वीकृत भई कार्यान्वयनमा गएको छ। यसपटक अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा सशस्त्र द्वन्द्व, जनान्दोलन तथा मधेस आन्दोलनमा घाइते अपाङ्ग, द्वन्द्वमा आमाबाबुविहीन भएका १८ वर्ष मुनिका ३४ बालबालिका गरी १,०७७ जनालाई रु १२ करोड १६ लाख ५९ हजार राहत रकम वितरण गरिएको छ।

**प्रशासनिक कार्यहरू**

असहज रहेको राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई ७७ वटै जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालयबाट विवरण दर्ता गर्न थालिएको छ। त्यसका लागि ८३० स्टेशन स्थापना भई काम जारी रहेकोले सेवा प्रभावकारी भएको जनाइएको छ।

हालसम्म एक करोड १५ लाख नागरिकको विवरण सङ्कलन भएको छ भने ४६ जिल्लामा अभियान सम्पन्न भई अन्य १७ जिल्लामा जारी रहेको छ।

अहिले विगतमा जस्तो राष्ट्रिय परिचयपत्रका लागि ठूलो भिडभाडमा बसेर नागरिकले सास्ती बेहोर्न परेको छैन। प्रशासन कार्यालयले टाइम कार्ड लागू गरेर विभिन्न सेवा प्रवाह गरिरहेका छन्।

गुनासो सुनुवाईलाई प्रभावकारी बनाउन टोल फ्री नम्बर १११२ मा थप चार लाइन जडान गरी गुनासो पोर्टल सञ्चालन गरिएको छ। विद्युतीय सुशासनका लागि गृह र अन्तर्गतका जिल्ला, इलाका र सीमा प्रशासन कार्यालयमा इन्ट्रानेट लिज लाइनमार्फत आफ्नै आइसिटी नेटवर्क स्थापना गरी सञ्चालन गरिएको छ।

अध्यागमन विभागबाट जारी हुने सबै प्रकारका हस्तलिखित भिसाको सट्टा क्युआर कोडसहितको सिस्टम जेनेरेटेड भिसा लागू गरिएको छ। सबै अध्यागमन विन्दु (पशुपतिनगर, हिल्साबाहेक)बाट आगमन र प्रस्थान हुने यात्रीहरूको जैविक विवरण लिने व्यवस्था मिलाइएको छ।

बीसवटा कारागार कार्यालयका २२ सय कैदीबन्दीलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको गृह मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार सर्वोच्च अदालतको फैसलाबमोजिम बिगो जफत हुने ठहर भएका प्रतिवादीको नाममा विभिन्न बैंक खातामा रहेको रु दुई करोड ३५ लाख ६० हजार कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा स्थानान्तरण पनि यही वर्ष गरिएको छ।


# रिक्त प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउन तीन दल सहमत

काठमाडौं, ४ वैशाख/रासस

प्रधानमन्त्री र सभामुखसहित प्रमुख तीन दलका शीर्ष नेताहरूबीच सर्वोच्च अदालतको रिक्त प्रधानन्याधीश पदमा संवैधानिक परिषद्को बैठकबाट सिफारिश गर्ने सहमति भएको छ।

लामो समेदेखि उक्त पद रिक्त रहेको छ। प्रमुख प्रतिपक्षी नेकपा (एमाले) का अध्यक्ष केपीशर्मा ओलीको बालकोटस्थित निवासमा भएको भेटवार्तामा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र नेपाली काङ्ग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाबीच भएको छलफलमा सो सहमति भएको नेपाली काङ्ग्रेसका नेता रमेश लेखकले जानकारी दिए। नेता लेखकले सो पदमा नियुक्ति प्रक्रिया अघि बढाउन प्रधानमन्त्री

(बाँकी पाँचौं पातामा)



**सती ढुङ्गा:** अर्घाखाँचीको सन्धिखर्क-२, त्रिवेणीधाममा रहेको सती ढुङ्गा। तत्कालीन समयमा सती जाँदा महिलाहरु यहीबाट जान्थे भन्ने मान्यता यहाँका स्थानीयमा रहेको छ। तस्वीर: रासस

## फरक समाचार

# सूर्यबाट खतरनाक प्लाज्मा निस्किंदै

सूर्यमा सदैव हलचल भइरहन्छ। सूर्यको सतहबाट विशालकाय प्लाज्मा निस्किरहेको छ, जुन हेर्दा झर्नाजस्तो लाग्छ। अन्तरिक्षको तस्वीर खिच्ने एस्ट्रोग्राफर



एडुआर्डो शाबर्गर पोपेउले यसको तस्वीर खिचेका छन्। उनले ९ मार्चमा खिचेको तस्वीरमा सूर्यमा एउटा प्लाज्माको भित्ता देखिइरहेको छ। यो सतहभन्दा लगभग एक लाख किलोमिटर माथिसम्म अन्तरिक्षमा पुगेको छ। त्यसपछि प्लाज्मा पुनः फर्किएर सतहमा पुगेको छ, यसको नाम वाटरफल दिइएको छ। वैज्ञानिकका अनुसार प्लाज्मा ३६ हजार किलोमिटर प्रतिघण्टाको गतिले खसेको थियो।

सूर्यको यो प्लाज्मा निकै तातो हुन्छ र सूर्यबाट उठेर अन्तरिक्षतर्फ बढ्छ। जब यो सूर्यको ध्रुवनजीक हुन्छ तब चुम्बकीय क्षेत्र यति मजबुत हुन्छ कि अन्तरिक्षतर्फ जानुको सट्टा यो फर्किएर सूर्यतर्फ पुग्छ। सूर्य अहिले आफ्नो चरम गतिविधिमा छ, किनभने सूर्यको अहिले चक्र चलिरहेको छ। लगभग हरेक दशकमा सूर्यको चम्बकीय ध्रुवले आफ्नो स्थान बदलिन्छ। यसको अलावा सूर्यमा हुने सनस्पट पनि घटबढ हुन्छ। प्रत्येक सौर्य चक्रको शुरूआतमा सूर्यको चुम्बकीय क्षेत्र अपेक्षाकृत शान्त हुन्छ र सनस्पटको सङ्ख्या कम हुन्छ। जसरी-जसरी चक्र अगाडि बढ्छ, चुम्बकीय क्षेत्र जटिल हुँदै जान्छ।

# कोरोनापछि बच्चामा वयस्कभन्दा दुई गुना बन्दैछ एन्टीबडी

कोरोनालाई लिएर पहिलोपटक वच्चा र वयस्कबीच तुलनात्मक अध्ययन गरिएको छ। अध्ययन अनुसार कोरोनापछि बच्चामा वयस्कभन्दा दुई गुना बढी एन्टीबडी बनिरहेको छ। भलै भाइरसमा अलग-अलग म्युटेशनको जानकारी



पाइएको छ तर गत दुई वर्षको दौरान शोधार्थीले यसको बच्चाको रोग प्रतिरोधक क्षमतामाथि कुनै खास असर दर्ज गरेका छैनन्।

यस अध्ययनमा इन्डियन मेडिकल एसोसिएशनका पूर्वअध्यक्ष डा राजीव जयदेवनका अनुसार कोरोना महामारीको शुरूआतदेखि बच्चामा यसको प्रभाव निकै कमजोर देखियो तर केही मामलिमा अपवाद पनि रह्यो। ठूलो सङ्ख्यालाई लिएर कुरा गर्दा बच्चा अहिले पनि कोरोना सङ्क्रमणलाई लिएर निकै सुरक्षित स्थितिमा छन् तर यदि कसैमा लक्षण देखिन्छ भने समयमा आइसोलेशनमा राखेर विशेष सावधानी अँगाल्नुपर्छ।

मेडिकल जर्नल मेडरेक्सिभमा प्रकाशित जर्जियाको एमोरी युनिभर्सिटीको शोधार्थीहरूले २३ भन्दा बढी बच्चामा सङ्क्रमणभन्दा पहिले र पछिको स्थितिबारे विश्लेषण गरेका थिए। विश्लेषण अनुसार बच्चामा कोरोनाबाट रिकभरी भएपछि पाँच सय दिनसम्म एन्टिबडी पर्याप्त मात्रामा दर्ज गरिएको थियो, जसले भाइरसको म्युटेशनबाट उनीहरूलाई बचाव गर्दथ्यो। त्यस्तै वयस्कमा एन्टिबडीको स्तर तीनदेखि छ महीनाको बीच कम देखियो। साथै विभिन्न म्युटेशनले पनि उनीहरूलाई अलग-अलग समयमा प्रभावित गरिरहेको छ। शोधार्थीको भनाइ छ, यस निष्कर्षले साना बच्चा र वयस्कमा प्रतिरक्षा अन्तरबारे महत्त्वपूर्ण प्रश्न उठाउँछ र यस आयु वर्गमा खोप र बुस्टर डोज रणनीतिको लागि व्यापक प्रभाव पर्न सक्छ।

नयाँ दिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान एम्सका डा आनन्द भन्छन् बच्चामा कोरोना सङ्क्रमणको प्रभाव वयस्कको तुलनामा कम छ तर यस प्रकारको अध्ययनलाई ठूलो सङ्ख्यामा गरेर राम्रो निष्कर्ष संसारलाई दिन सकिन्छ। यो अध्ययन अप्रिल २०२० देखि जनवरी २०२२ का बीच सङ्क्रमित बालबालिकामाथि गरिएको थियो, त्यति बेला ओमिक्रोनको अलग-अलग स्वरूप-उपस्वरूप संसारले सामना गरिरहेको थियो।

# नयाँ प्रविधिको स्टोभ

ग्याँसको मूल्य दिन प्रतिदिन बढ्ने गर्छ र ग्याँस सकिएपछि सिलिन्डर ल्याउने र लैजाने समस्या हुन्छ। जसले गर्दा धेरैले इन्डक्शन ओभन प्रयोग गर्छन्। यद्यपि ग्याँस र इन्डक्शन दुवैमा धेरै खर्च पर्छ। तर हालै इन्डियन आयल कर्पोरेशनले यस्तो स्टोभ ल्याएको छ जुन एकपटक खर्च गरेर नबिग्रन्जेल खाना पकाउन सकिन्छ। यसमा ग्याँस र बिजुलीको खर्च घरीघरी तिर्नुपर्दैन।



भारु १२ हजार पर्ने यस स्टोभमा विशेष प्रकारको प्रविधि प्रयोग गरिएको छ। महँगीबाट पीडित जनतालाई राहत दिन इन्डियन आयल कर्पोरेशन लिमिटेडले बनाएको सूर्य नूतन सोलर स्टोभ बजारमा आइसकेको छ।

२४ घण्टा प्रयोग गर्न सकिने यो पुरानो सोलार स्टोभभन्दा छुट्टै छ। यो स्टोभ दुई प्रकारको युनिट मिलेर बनाइएको छ। एउटा युनिट भान्सामा राखिन्छ भने अर्को युनिट बाहिर घाममा राख्नुपर्छ। यसको उपयोग दिनरात गर्न सकिन्छ। स्टोभले दिनमा ऊर्जा भण्डारण गर्छ जसलाई राति प्रयोग गर्न सकिन्छ।

सूर्य नूतन सोलर स्टोभको दुई संस्करण बजारमा उपलब्ध छ। एउटा संस्करणको मूल्य भारु १२ हजार छ भने टप भेरिएन्टको मूल्य भारु २३ हजार पर्छ। इन्डियन आयल कर्पोरेशन लिमिटेडले यो स्टोभलाई इन्डियन आयल ग्याँस एजेन्सी र पेट्रोलपम्पमार्फत बजारमा लन्च गर्ने तयारी गर्दैछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# जी–७ का शीर्ष कूटनीतिज्ञबीच चीनबारे एकीकृत सन्देश प्रवाह गर्न जोड

कारूईजावा, जापान, ४ वैशाख/एएफपी

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंको चीनलाई हेर्ने दृष्टिकोणबारेको टिप्पणीपछि चीनप्रतिको चिन्ताबारे एकीकृत सन्देश प्रवाह गर्न जी–७ का शीर्ष कूटनीतिज्ञहरूले सोमवारदेखि जापानमा छलफल शुरू गरेका छन् ।

बेइजिङ भ्रमणपछि म्याक्रोंले युरोपले 'आफूसँग सम्बन्ध नराख्ने विवाद' बाट बच्नुपर्छ भन्ने अभिव्यक्ति दिएपछि उत्पन्न भएको बुझाइ समाधान गर्न विदेशमन्त्रीहरू लागिपरेका हुन् । सोमवार बिहान औपचारिक वार्ता शुरू हुनु अघि नै चीन विषयक छलफलको एजेन्डामा थियो ।

विशेष बुलेट ट्रेनमा कारूइजावाको माउन्टेन रिसोर्ट शहर आइपुगेपछि समूहले चीन र उत्तर कोरियाबारे एउटा 'वर्किंग डिनर' आयोजना गरेको थियो । जापानका विदेशमन्त्री योशिमासा हयाशीले आफ्ना समकक्षीहरूलाई 'जी–७ को एकता अत्यन्त महत्त्वपूर्ण भएको' बताए ।

सोमवारको पहिलो सत्र फेरि चीन र क्षेत्रीय चुनौतीमा केन्द्रित भएको थियो र हयाशीले अन्तर्राष्ट्रिय समुदायलाई 'इतिहासको टर्निङ प्वाइन्टमा' रहेको चेतावनी दिंदै वार्ता शुरू गरेका थिए ।

उनले 'विधिको शासनमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाको रक्षा गर्न' जी–७ को दृढ सङ्कल्प विश्वसामु प्रदर्शन गर्न आफ्ना समकक्षीहरूलाई आग्रह गरे ।

आयोजक जापानले क्षेत्रीय चुनौतीहरूलाई कार्यसूचीको शीर्षस्थानमा राख्न चाहेको छ र ताइवानमा चिनियाँ सैन्य अभ्यास र उत्तर कोरियाली क्षेप्यास्त्र परीक्षणलगायत हालैका घटनाहरूले यसको ध्यान खिचेको छ ।

मन्त्रीहरूबीच वार्ता शुरू हुनासाथ अमेरिकी नौसेनाले ताइवान जल क्षेत्र हुँदै 'गाइडेड मिसाइल डिस्ट्रोयर्स' जहाज चलाएको प्रसङ्गलाई छलफल गरिएको थियो ।

म्याक्रोंको टिप्पणीको विवादले अन्तिम वक्तव्यले चीन र स्वशासित ताइवानलाई कब्जा गर्ने उसको धम्कीबारे प्रयोग गर्ने भाषालाई नजीकबाट नियाल्ने छ ।

म्याक्रों र जी–७ का अन्य अधिकारीको बेइजिङ भ्रमण 'छलफलको विषय' हुने एक वरिष्ठ अमेरिकी अधिकारीले नाम नबताउने शर्तमा आइतवार बताए ।



तस्वीरः एएफपी

"मलाई लाग्छ, हामी कसरी एक साझा र ठोस दृष्टिकोणमा पूर्णरूपमा एकबद्ध हुन निरन्तर प्रयास गर्छौं भन्ने बारे छलफल हुनेछ ।

फ्रान्सका विदेशमन्त्री क्याथरीन कोलोनाले चीन र ताइवानसम्बन्धी नीतिमा कुनै परिवर्तन नभएको बताएकी थिइन् भने उनले आगोमा थप इन्धन नहाल्न आग्रह गरेकी थिइन् ।

फिलाडेल्फियास्थित फरेन पोलिसी रिसर्च इन्स्टिच्युटका एशिया कार्यक्रमका निर्देशक ज्याक डेलिस्लेले भने "एकताका सबै बाहिरी अभिव्यक्तिका बावजुद म्याक्रोंको टिप्पणीले मित्रराष्ट्रहरूबीच वास्तविक मतभेद छ भन्ने तथ्य प्रतिविम्बित गर्छ ।"

"चीनबारे युरोपको आकलन र ताइवानप्रतिको दृष्टिकोण अमेरिकाले रुचाएको स्थितितिर्फ अघि बढेको छ । तर यसले सहमति ल्याउन सकेको छैन"–उनले भने ।

"चीनप्रति वाशिंगटनको दृष्टिकोण अझै नकारात्मक भएको छ र ताइवानप्रति समर्थनको सङ्केत भने बलियो भएको छ, जसले युरोपेली र अमेरिकी स्थितिबीच खाडल कायम राखेको छ"–विज्ञप्तिमा भनिएको छ ।

युरोपभित्र पनि चीनको आलोचना र संलग्नताबीच सही सन्तुलनबारे फरक मत छ, ईयूका शीर्ष कूटनीतिज्ञ जोसेप बोरेलले 'प्रत्युत्पादक' उपायहरूविरुद्ध चेतावनी दिंदै भने ।

"चीन आक्रामक बन्दै गएको छ । तर हामी चीनसँग निरन्तर सम्पर्कमा रहनुपर्छ र विश्वव्यापी चुनौतीहरूको समाधान खोज्नुपर्छ"–उनले आइतवार पत्रकारहरूसँग भने ।

"हामीले चीनसँग व्यापार जारी राख्नुपर्छ"–कोभिडका कारण जापान नगएका बोरेलले भने ।

उनले भने–"अन्यथा गर्नु 'प्रत्युत्पादक' हुनेछ र अरू कसैले भर्ने खालीपन सिर्जना गर्नेछ, र हामीले चीनबाट आर्थिक लाभ गुमाउने छौं ।"

वाशिंगटन र टोकियो दुवैले बेइजिङको 'आर्थिक जबर्जस्ती' बारे चेतावनी दिएका छन् र भोलि जारी हुने अन्तिम वक्तव्यमा सेमीकन्डक्टरजस्ता संवेदनशील वस्तुको आपूर्ति शृङ्खलामा विविधता ल्याउन थप कदम चाल्न आह्वान गरिने बताइएको छ ।

जापान, संयुक्त राज्य अमेरिका, बेलायत, क्यानडा, फ्रान्स, युरोपेली सङ्घ, इटाली र जर्मनीका कूटनीतिज्ञहरू दिनको दोस्रो सत्रमा युक्रेनतर्फ फर्केका थिए र 'प्रतिबन्धहरू रोक्न र प्रतिक्रिया दिन समन्वय गर्न र रूसलाई तेस्रो पक्षलाई हतियार आपूर्ति गर्न' सहमत भएका थिए ।

जापानका प्रधानमन्त्री फुमियो किशिदामाथि शनिवार एक चुनावी कार्यक्रमका क्रममा विस्फोटक पदार्थ प्रहार भएपछि जापानले बैठकका लागि सुरक्षा व्यवस्था कडा पारेको छ ।

विस्फोटपछि निस्केको धूवाँको मुस्लोले कार्यक्रम बिथोलिदियो, तर किशिदालाई कुनै हानि भएन ।

यसैबीच हयाशीले जी सेभेन बैठकमा यस बिषयलाई हल्का लिंदै घटनालाई छायामा राख्ने प्रयास गरेका छन् । रासस

# म्यान्माको नयाँ वर्षको अवसरमा तीन हजार कैदीलाई आममाफी दिइने

याङ्गुन, ४ वैशाख/सिन्ह्वा

म्यान्माको सैन्य (जुन्टा) सरकारले बौद्ध नयाँ वर्षको उपलक्ष्यमा तीन हजारभन्दा बढी कैदीलाई रिहा गर्ने घोषणा गरेको छ ।


आङ सान सुकी

यद्यपि सरकारले रिहा गर्ने सूचीमा पछिल्लो दुई वर्ष पक्राउ गरी जेलमा रहेका आङ सान सुकीको नेशनल डिमोक्रेसी (एनएलडी) पार्टी र त्यहाँका प्रजातन्त्र पक्षधर अन्य विपक्षी दलहरूका नेता तथा कार्यकर्ता र सर्वसाधारण रहेका छन् वा अन्य विभिन्न अभियोगमा जेल जीवन बिताउँदै आएका व्यक्ति भन्ने विषय स्पष्ट पारिएको छैन ।

सेनाले दुई वर्षभन्दा अघि भएको 'कू' पछि हजारौंलाई पक्राउ गरिसकेको छ, जसका कारण देश उथलपुथल छ र देशभर 'कू' विरोधी लडाकूहरूसँग व्यापक झडप भएको छ ।

"जुन्टा प्रमुख मिन आङ ह्लाइङले ३,०१५ जना कैदीलाई माफी दिएका छन् । म्यान्माको नयाँ वर्ष, जनताको शान्तिपूर्ण मन र मानवीय आधारमा मनाउनु हो"–जुन्ताको सूचना टोलीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा भनिएको छ–"पुनः अपमान गर्नेलाई थप सजायसहित बाँकी सजाय भुक्तान गर्नुपर्नेछ ।

'कू' को रिपोर्टिङ गरिरहेका जुन्टा विरोधी प्रदर्शनकारी वा जेलमा रहेका पत्रकारलाई रिहा गर्ने वा नगर्ने भन्नेबारे भने केही बताइएको छैन ।

विद्रोहको केही समयपछि जुन्टाले करीब २३ हजार कैदी रिहा गरेको थियो र त्यस समयमा केही अधिकारवादी समूहले यो कदमले सेनाका विरोधीहरूका लागि ठाउँ खाली गर्नुका साथै समुदायहरूमा अराजकता निम्त्याउने डर व्यक्त गरेका थिए ।

म्यान्माले आफ्नो परम्परागत बौद्ध नयाँ वर्षको बिदाको उपलक्ष्यमा हजारौं कैदीलाई आममाफी दिने गरेको छ ।

यस वर्ष सञ्चारमाध्यम र स्थानीयले प्रतिरोधको उद्गमस्थलको एउटा गाउँमा १७० जनाभन्दा बढीको ज्यान जानेगरी सेनाले गरेको हवाई आक्रमणपछि धेरै प्रमुख शहरका सडकहरू बहिष्कारमा मौन थिए ।

सन् २०२१ को फेब्रुअरीमा सेनाले आङ सान सुकीको सरकार अपदस्थ गरे यता २१ हजारभन्दा बढी व्यक्तिलाई पक्राउ गरेको स्थानीय निगरानी समूहले जनाएको छ । सुकीलाई 'कू' को शुरूदेखि नै हिरासतमा राखिएको थियो ।

गत डिसेम्बरमा जुन्ताले ७७ वर्षीया नोबेल पुरस्कार विजेता सुकीको बन्द अदालती सुनुवाइको शृङ्खला पूरा गरेको थियो र उनलाई कुल ३३ वर्षको जेल सजाय सुनाएको थियो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार त्यसयता कम्तीमा १७० जना पत्रकारलाई पक्राउ गरिएको छ । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – मनोरञ्जन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – राज्यभय |
| सिंह – रोगभय | कन्या – यात्रालाभ |
| तुला – शत्रुभय | वृश्चिक – कार्यनाश |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनखति | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# बैंक विस्थापित भएपछि जीतपुरका सेवाग्राहीलाई समस्या

गम्भीरा सहनी, जीतपुर, ४ वैशाख/

नेपाल बैंक लिमिटेड, जीतपुर शाखाको भवन २८ वर्षअघि नेकपा माओवादीले बम विस्फोट गरी ध्वस्त बनाएपछि आजसम्म बैंकको आफ्नै जग्गामा भवन नबन्दा सेवाग्राहीहरूलाई निकै समस्या भएको छ । जीतपुरमा सो बैंकको शाखा नहुँदा सेवाग्राहीहरू सिमरा, वीरगंज, कलैया पुग्नुपर्ने बाध्यता रहेको एकजना सेवाग्राहीले गुनासो गरे ।

२०५२ फागुन १ गतेदेखि माओवादीले १० वर्षे सशस्त्र जनयुद्ध शुरू गर्दा जीतपुरस्थित प्रहरी चौकी भवानीपुर, जीतपुर गाउँ विकास समिति र नेपाल बैंक लि., शाखा कार्यालय, जीतपुरको भवन बम विस्फोट गरी ध्वस्त बनाएको थियो । घटनाको केही वर्षपछि जीतपुर प्रहरी चौकी र जीतपुर गाविस कार्यालयको भवन निर्माण भई सेवा शुरू भइसकेको छ तर नेपाल बैंक लि, जीतपुरको आफ्नै जग्गा भएर पनि त्यहाँ अहिलेसम्म भवन बन्न नसकेको एकजना सेवाग्राहीले बताए ।

बम विस्फोटको घटनापछि नेपाल बैंक लि., जीतपुर शाखा अन्यत्र सरेपछि यस भेगका सेवाग्राहीहरू नगद निकाल्न, जम्मा गर्न तथा अन्य बैंक प्रयोजनको कामको लागि सिमरा, कलैया, वीरगंज धाउनुपर्ने उनले बताए ।

सिमरा नगर उद्योग वाणिज्य सङ्घका प्रथम अध्यक्ष घनश्याम गिरीले जीतपुरसिमरा उपमहानगरपालिका भएपछि यहाँ अहिले आधा दर्जन निजी बैंक स्थापना भई सेवा प्रदान गरिरहेका छन् तर नेपाल बैंक लि.ले आफ्नै जग्गा भएर पनि भवन निर्माण नगर्नु दुःखद भएको बताए ।


भवन निर्माण हुन नसकेको नेपाल बैंकको खाली जग्गा । तस्वीरः प्रतीक

जीतपुर उद्योग वाणिज्य सङ्घका प्रथम अध्यक्ष फुर्तीलाल साह कलवारले व्यापारिक तथा औद्योगिक क्षेत्र तथा जीतपुरसिमरा उपमहानगरपालिकाको सदरमुकाम जीतपुर बजारबाट सरकारी बैंक विस्थापित हुनु दुःखद भएको बताए । उनले जीतपुर बजारको स्थापनादेखि सो बैंकले प्रभावकारी सेवा प्रदान गर्दै आएकोमा हाल सेवा लिन टाढा जानुपर्ने बाध्यता भएको बताए ।

यसबारे नेपाल बैंक लि, जीतपुर शाखाका प्रबन्धक प्रदीप बिसुन्केले बैंकको प्रधान कार्यालय काठमाडौंले शाखा कार्यालयको भवन निर्माणको लागि बजेट छुट्याइसकेको बताए । उनले चाँडै भवन निर्माण हुने जानकारी दिएका छन् ।

## विश्व हेमोफिलिया ...

विनाचोटपटक पनि घुँडा, कुहिना, गोलीगाँठाजस्ता जोर्नीमा लामो समयसम्म आन्तरिक रक्तस्राव भई सुन्निने र अत्यधिक पीडा हुने यसका लक्षणहरू हुन् । मस्तिष्क वा पेटमा रक्तस्राव हुने र दिसापिसाबमा रगत देखिन सक्छ । हेमोफिलिया भएका व्यक्तिमा शल्यक्रियापछि लामो समयसम्म रक्तस्राव हुने गर्छ ।

हेमोफिलियाको उपचारका लागि क्लटिङ फ्याक्टर अर्थात् रगत जमाउने प्रोटिन दिनुपर्ने हुन्छ । पछिल्लो समय हेमोफिलियाको निदान गर्न सकिन्छ । यसका लागि एन्टिहेमोफिलिक्ट फ्याक्टर प्रयोग गर्नुपर्छ । नेपाल सरकारले यसका लागि औषधि उपलब्ध गराउँदै आएको छ । अहिलेसम्म रोकथामका लागि औषधि र उपचार हुँदै आएको छ । यसको निदानका लागि उपचार पद्धति नेपाल भित्र्याउने तयारी रहेको डा पौड्यालले जानकारी दिए ।

"हेमोफिलिया 'बी' का लागि सेन्ट जुड अस्पतालसँग सहकार्य गरेर नेपालमा जिन थेरापी भित्र्याउने प्रक्रियामा छौं, त्यसपछि यसको एकचोटीको प्रयोगले ३० वर्षसम्म बिरामीलाई रक्तस्राव नहुने अध्ययनले देखाएको छ"–उनी भन्छन् । हेमोफिलियाको उपचारका लागि औषधिसँगै परामर्श, फिजियोथेरापी र जोर्नी प्रत्यारोपणमा सरकारको ध्यान पुग्नुपर्ने उनको भनाइ छ ।

## देशभर ...

मापक सूचक आइक्युएयर अनुसार काठमाडौं उपत्यका वायु प्रदूषणमा विश्वभरमा पहिलो सूचीमा थियो ।

पानी नपरेको खण्डमा वा तीव्र गतिको हावा नचलेमा उपत्यकासहित देशभरको वायु प्रदूषण नघट्ने र अझै केही दिन प्रदूषण कायम रही जोखिम बढ्दै जाने वातावरण विभागका प्रवक्ता पौडेलले जानकारी दिए । वायु प्रदूषणको मात्रा नाप्ने आइक्युएयरका अनुसार आइतवार भक्तपुर र ललितपुरको पाटनमा बढी वायु प्रदूषण थियो । यी ठाउँमा हावाको गुणस्तर मापन सूचक आइक्युएयर २०० भन्दा माथि थियो ।

यसैगरी कीर्तिपुर, रत्नपार्क, मध्यपुर थिमि, हेटौंडा र धनकुटाको हावा पनि अस्वस्थकर थियो । यी क्षेत्रमा हावाको गुणस्तर मापन सूचक आइक्युएयर झन्डै २०० पुगेको थियो ।

आइक्युएयर ५० भन्दा धेरै भएमा कमजोर स्वास्थ्य भएका समूह जोखिममा पर्छन् भने १०० भन्दा माथि भएमा सबैका लागि अस्वस्थकर हुन्छ ।

५१ देखि १०० सम्म आइक्युएयर मापन गरिएको वायु सामान्य अवस्थाको मानिन्छ । त्यसभन्दा माथिको एक्युआई अस्वस्थकर हुन्छ । आइक्युएयर ३०० भन्दा माथि पुगेमा वायु प्रदूषण डरलाग्दो र घातक मानिन्छ ।

## रिक्त ...

दाहालले प्रस्ताव गर्दा एमाले अध्यक्ष ओलीले सहमति जनाएको बताए । परिषद्को सिफारिशबारे संसदीय सुनुवाइ भएपछि नियुक्ति हुनेछ ।

उनले संसद्मा विचाराधीन सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबीनसम्बन्धी ऐन, २०७१ को संशोधन विधेयक, संवैधानिक परिषद् (काम कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक अघि बढाउने विषयमा पनि छलफल भएको बताए ।

मधेस प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**शहरी विकास तथा भवन कार्यालय, पर्साको**

**अत्यन्त जरुरी सूचना**

उपरोक्त सम्बन्धमा यस कार्यालयको आर्थिक वर्ष २०७९/८० बजेट उपशीर्षक आवास व्यवस्था कार्यक्रम (सङ्घ सशर्त अनुदान) अन्तर्गत जनता आवास कार्यक्रमको सम्बन्धमा यस आर्थिक वर्षमा पर्सा, बारा र रौतहट जिल्ला अन्तर्गत वितरण हुने घरहरू यस वर्ष तीनवटै जिल्लामा क्रमागत सम्झौता भएका घर निर्माण सम्पन्न गर्नु भनी कार्यालयको बजेटमैं व्यवस्था भएको हुँदा तत्काललाई नयाँ सम्झौता हुने अवस्था नरहेको बेहोरा अनुरोध छ । सङ्घ सरकारको हस्तान्तरित बजेटबाट निर्देशिका अनुसार विगतमा सम्झौता भएका अधूरा योजनाहरू तीव्ररूपमा सम्पन्न गर्नेतर्फ अगाडि बढिरहेको जानकारी गराइन्छ । साथै चालू आर्थिक वर्षमा सार्वजनिक गरिएको कार्यक्रमको नाममा केही व्यक्तिहरूले लाभग्राहीहरूलाई लोभलालचमा पारी अनुचित कार्य गरिरहेको बुझ्न आएको हुँदा यस कार्यालयको ध्यान आकर्षण भएको छ । तसर्थ यस्ता कार्यमा नपर्नुहुन अनुरोध छ । साथै लाभग्राहीहरूलाई यस कार्यालयबाट दिइने सम्पूर्ण सुविधा निश्शुल्क रहेको जानकारी गराइन्छ । - नि. कार्यालय प्रमुख

**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं ME4JC65BEKD000871, इन्जिन नं JC65ED0034118 भएको प्र२–०३–००१ प १९३३ नम्बरको होन्डा कम्पनीको साइन १२५ सिसीको (सन् २०१९) सिल्भर रङ्गको मोटरसाइकल २०७९/११/२० गते अन्दाजी राति ३ बजे जीराभवानी गाउँपालिका–१ महादेवपट्टि टोलबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८०७१६४५२० मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

-दीपक मिश्र
पकाहामैनपुर गाउँपालिका-५, पर्सा

**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।**

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# पर्सा क्षेत्र नं ४ मा विकासको लहर आउने -मन्त्री रिजाल

प्रस, सेढवा, ४ वैशाख/

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले पर्सा क्षेत्र नं ४ को विकास अब तीव्र गतिले हुने बताएका छन् ।



तस्वीरः प्रतीक

जगरनाथपुर गाउँपालिका-३ मा नवनिर्मित वडा कार्यालय, जनस्वास्थ्य प्रयोगशाला र बर्थिङ सेन्टर भवनको उद्घाटन गर्दै मन्त्री रिजालले लामो समयदेखि तुलनात्मकरूपमा विकासमा पछि परेको पर्सा क्षेत्र नं ४ मा अब विकासको लहर आउने बताए ।

उनले यस क्षेत्रमा भौतिक, शैक्षिक र स्वास्थ्य क्षेत्रमा विकास कार्य शुरू भइसकेको बताए । मन्त्री रिजालले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पाउनु हरेक नागरिकको मूलभूत अधिकार भएकाले यी सेवाप्रवाहका लागि पहल भइरहेको बताए । उनले अबदेखि घरमा प्रसूति नगराउन आग्रह गर्दै बर्थिङ सेन्टरबाट सेवा लिन सर्वसाधारणहरूलाई आग्रह गरे । मन्त्री रिजालले आमा र शिशुको सुरक्षा कार्यक्रम आएकोले सो सेवा लिन आम नागरिकलाई आग्रह गरे ।

जगरनाथपुर गापा अध्यक्ष श्रीकान्तप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा नेका, पर्साका सभापति एवं प्रदेशसभा सदस्य जनार्दनसिंह क्षत्री, शङ्कर चौधरी, महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठ, महाअधिवेशन प्रतिनिधिहरू वशिष्ठनारायण कुर्मी, सहरूमराउत गद्दी, रामदेव चौहान, पार्टी प्रवक्ता रमेश पाण्डे, सहसचिव नवीन सिंह, कोषाध्यक्ष प्रेम थापा, वडाध्यक्षहरू, क्षेत्रीय सचिव बालिस्टर अहमद, प्रशासकीय अधिकृत कृष्णानन्दन राय, लेखा शाखा अधिकृत सन्देश कुशवाहालगायतको सहभागिता थियो । कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखा अधिकृत पर्वेन्द्र साहले गरेका थिए ।


## औषधिको सही सेवन गरौं

- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिको सेवन नगरौं ।
- जथाभावी औषधि सेवनले स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ ।
- जथाभावी औषधि सेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने, अपाङ्गता हुन सक्ने र ज्यानैसमेत जान सक्छ ।
- एन्टिबायोटिकलगायतका औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं ।
- औषधि पूरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुनः बल्झिन सक्छ ।

**त्यसैले औषधिको सेवन चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्श अनुसार गर्ने गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA Exhilarating Hospitality Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल

काठमाडौं, ४ वैशाख/रासस

राजधानीमा जारी शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगितामा फ्रेन्ड्स क्लबले हिमालयन शेर्पा क्लबलाई पराजित गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमवार भएको खेलमा हिमालयन शेर्पा क्लबलाई ६-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । फ्रेन्ड्सको जीतमा राफिक अमिनुले दुई गोल गरे भने अमित तामाङ, उत्तम राई, टोरिक जेब्रिन र अखरबेक उत्कामोभले समान एक/एक गोल गरे ।

प्रतियोगितामा फ्रेन्ड्सको यो दोस्रो जीत हो । फ्रेन्ड्सले आठ अङ्क जोडेको छ । हिमालयन शेर्पाको नौ अङ्क छ । त्यसैगरी, आजै भएको अर्को खेल श्री स्टार क्लब र चर्च ब्वाइज युनाइटेडबीच गोलरहित बराबरीमा सकिएको छ ।

सातदोबाटोस्थित च्यासल रङ्गशालामा भएको खेलमा श्री स्टार र चर्च ब्वाइजले गोलरहित बराबरी खेल्दै अङ्क बाँडेका हुन् । यस खेलसँगै श्री स्टार र चर्च ब्वाइज क्लबले नौ खेलबाट समान १५ अङ्क जोडेका छन् ।

# अरुण ज्ञवालीको सभामा बालबालिकाको अत्यधिक सहभागिता

प्रस, परवानीपुर, ४ वैशाख/

बारा क्षेत्र नं २ को चुनावमा राजनीतिक दलका उम्मेदवारहरू छुट्टाछुट्टै




रणनीति बनाएर चुनावी अभियानमा लागेका छन् । तीमध्ये हुन्- प्रभु साह नेतृत्वको आम जनता पार्टीका मोबाइल चुनाव चिह्न लिएर लड्ने उम्मेदवार अधिवक्ता अरुण ज्ञवाली ।

बारा-२ को गंजभवानीपुर घर भई गंजभवानीपुरबाटै विद्यालय शिक्षा हासिल गरेका ज्ञवाली पेशाले अधिवक्ता हुन् ।

काङ्ग्रेस पृष्ठभूमिका अधिवक्ताको बसाइ हाल काठमाडौंमा भए तापनि सो क्षेत्रका जनताको दुःखसुखमा साथ दिने भनी उनी दोस्रोपटक चुनावमा होमिएका छन् ।

गत प्रतिनिधिसभा सदस्यको चुनावमा काङ्ग्रेसले टिकट नदिएपछि बागी उम्मेदवारको रूपमा उनले स्वतन्त्र उम्मेदवारी दिएका थिए । उनले करीब आठ हजार मत पनि ल्याए । यस उपनिर्वाचनमा उम्मेदवारी नदिने


तस्वीरः प्रतीक

मनस्थितिमा पुगेका ज्ञवाली वृन्दावन गइसकेका थिए तर स्थानीय सर्वसाधारण मतदाताको आग्रहमा आफूले उम्मेदवारी दिएको बताउँछन् ।

प्रभु साहको विकासको मोडेल र मतदातामा ज्ञवालीको क्रेजले गर्दा दुईटै समूहबीच साझेदारी भएको हो । मैले प्रभु साहको पार्टीको सदस्यता लिएको छैन, चुनाव चिह्न मात्र लिएर लडिरहेको छु, उनले भने ।


हामी दुवैजनाको सिद्धान्तले बारा-२ को कल्याण हुन्छ र वैशाख ७ पछि चुनावी अङ्कगणित बदल्नमा आफू घामपानीको प्रवाह नगरी फिल्डमा खटेको उनी सुनाउँछन् ।

अहिले उनको प्रचारसभा र घरदैलो कार्यक्रममा डिजेसहितको गाडीको प्रयोग एवं टिकटक कलाकारहरूले पनि साङ्गीतिक कार्यक्रम दिइरहेका छन् । यसलाई विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ताहरूले नचनिया-बजनिया लगाएर मत मागेको आरोपसमेत लगाउँछन् ।

यस प्रकारको प्रचारशैलीबारे उनी भन्छन्- मैले शुरू-शुरूमा अचम्म मानेको थिएँ तर प्रभुजीसँगै कार्यक्रम गर्न थालेपछि शुरूमा कलाकारहरूको भजनकीर्तनबाट कार्यक्रम शुरू गर्दा मतदाताहरूको उल्लेख्य उपस्थितिमा हामीले आफ्ना मुद्दाहरू मतदातासमक्ष राखिरहेका छौं, यसलाई नकारात्मक भन्नुहुँदैन ।

उनले केही राजनीतिक दलहरूसँग वार्ता चलिरहेको र अन्य दलले आफूलाई वा आफूले अरूलाई सघाउने विषयमा पनि रणनीति बनिरहेको दाबी गरे । उनले भने, मेरो लडाइँ जनमत पार्टीका शिवचन्द्रसँग हो, उपेन्द्रसँग होइन । राम्रै मत ल्याउँछौं भन्ने आशा छ ।

# निश्शुल्क आँखा शिविर सम्पन्न


तस्वीरः प्रतीक

बलिराम शुक्ल, बिरुवागुठी, ४ वैशाख/

पर्सागढी नगरपालिका वडा नं ३ बडनिहारमा सोमवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

माट्रिका आई फाउन्डेशन, वीरगंजको आयोजना र बडनिहार आँखा तथा दाँत अस्पतालको सहयोगमा आज शिविर सम्पन्न भएको हो ।

शिविरमा ११० जनाको आँखा चेकजाँच गरिएकामा ३५ जनामा मोतीबिन्दु देखिएको र उनीहरूको निश्शुल्क शल्यक्रिया गरिने बडनिहार आँखा तथा दाँत अस्पतालका सञ्चालक जीतेन्द्र यादवले बताए । शिविरमा आँखारोग विशेषज्ञ मनोरञ्जन यादव, दीपक यादवको सहभागिता थियो ।

# बजार विस्तारबारे अन्तर्क्रिया



तस्वीरः प्रतीक

प्रस, पर्सागढी, ४ वैशाख/

घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजको आयोजनामा ठाकुर राम बहुमुखी क्याम्पसको सभाहलमा 'औद्योगिक लगानी पूर्वाधार : समृद्धिको बलियो आधार' नाराका साथ बजार विस्तार तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

घरेलुका प्रमुख धनञ्जयकुमार सिंहको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पसका प्राध्यापक, व्यापारी, विद्यार्थी, राजनीतिक दलका प्रतिनिधिलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण घरेलुका लेखा अधिकृत प्रद्युम्न प्रसादले गरेका थिए ।

# सामुदायिक श्रीपुरद्वारा सचेतना कार्यक्रम


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ४ वैशाख/

सामुदायिक सेवा केन्द्र श्रीपुरले समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सोमवार वीरगंज महानगर-१३ पावरहाउस चोकमा जनचेतनामूलक कार्यक्रम गरेको छ ।

जबरजस्ती करणी अपराध नियन्त्रण गर्ने उद्देश्यले दुई सयजनालाई सचेतनामूलक पर्चा वितरण गरिएको थियो ।

केन्द्रका सचिव कुलनारायण प्रधानको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी उमा मिश्र, विपिन उपाध्यायलगायतको सहभागिता थियो ।

# सिम्रौनगढ नाकाबाट चौपाया तस्करी


तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, ३ वैशाख/

बाराको सिम्रौनगढ नाकाबाट गाई तस्करी भइरहेको छ ।

सशस्त्र प्रहरी बिओपी गोलागंजले रातिको समयमा तस्करी भइरहेको अवस्थामा दुईवटा गाई र दुईवटा बाछो नियन्त्रणमा लिएको छ । सिम्रौनगढको अमरपुर नाका हुँदै भारततर्फ गइरहेको अवस्थामा अमरपुर सीमानजीक ती चौपाया नियन्त्रणमा लिइएको बताइएको छ ।

सुरक्षाकर्मीलाई देख्नेबित्तिकै तस्करहरू गाई छाडेर भागेका थिए । नियन्त्रणमा लिइएको चौपाया लिलामी गरिने प्रहरी निरीक्षक जीतेन्द्र साहले बताएका छन् ।